# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना
# बागलुङ्ग, २०७२/०७३

प्रकाशक

**जिल्ला दैवी प्रकोप उद्धार समिति**
**बागलुङ्ग**
**२०७२**

# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना
# बागलुङ्ग, २०७२/०७३

**जिल्ला दैवी प्रकोप उदार समिति,**
**जिल्ला विकास समितिको कार्यालय**
**नेपाल रेडक्रस सोसाईटी बागलुङ जिल्ला शाखा**
**प्लान नेपाल इन्टरनेश्नल**
**बागलुङ**

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
बागलुङ

पत्र संख्या :-
चलानी नं :-

मिति :-२०७३।१।२३

## मन्तव्य

बागलुङ जिल्लामा बाढी, पहिरो, आगलागी, चट्याङ, असिना, महामारी जस्ता प्रकोपबाट हुने जनधनको क्षतिलाई रोकथाम र न्यूनिकरण गर्ने तथा प्रकोप पीडितलाई उद्धार र राहत प्रदान गर्ने जस्ता कार्यलाई थप प्रभावकारी एवं व्यवस्थित बनाउने उद्देश्यका साथ जिल्ला दैवी प्रकोप उद्धार समिति बागलुङद्धारा विपद पूर्व तयारी तथा प्रतिकार्य योजना २०७३ तर्जुमा गरिएको छ । यस योजनानुसार जिल्लामा हुने र हुन सक्ने कुनै पनि विपदका घटनाहरुको नियन्त्रण, न्यूनिकरण र घटनाबाट पीडित हुनेलाई उद्धार तथा राहत जस्ता कार्यक्रमहरु उचित समयमा प्रभावकारी ढंगबाट संचालन हुने विश्वास मैले लिएको छु ।

अन्तमा यस योजना तर्जुमा गर्न महत्वपूर्ण सहयोग पुऱ्याउनु हुने कार्यालय प्रमुख एवं कर्मचारी, राजनैतिक दल, गैरसरकारी संघ संस्था प्लान नेपाल लगायत अन्य सम्वन्धित सरोकारवालाहरुलाई हार्दिक धन्यबाद ज्ञापन गर्दै यस योजनाको पूर्ण सफलताको कामना गर्दछु ।

भगिरथ पाण्डेय
(प्रमुख जिल्ला अधिकारी)
एंव
जिल्ला दैवि प्रकोप उद्धार समिति, बागलुङ
अध्यक्ष

नेपाल सरकार
संघिय मामिला तथा स्थानिय विकास मन्त्रालय
# जिल्ला विकास समितिको कार्यालय
बागलुङ

पत्र संख्या :-
चलानी नं :-

मिति :-२०७३।१।२३

## मन्तब्य

बागलुङ जिल्ला स्थित सरोकारवालाहरु समेतको अगुवाइमा जिल्ला स्तरीय छलफलबाट तयार गरिएको यो विपद पूर्व तयारी तथा प्रतिकार्य योजना २०७२ विगतका विपद सम्बन्धि घट्नाहरुलाई आधार बनाएर तयार गरिएको दस्तावेज हो । यस योजनाले कुनै पनि विपद सम्बन्धी घटनाहरुको नियन्त्रण र न्यूनिकरण का साथै राहत वितरणमा प्रभावकारी भुमिका निर्वाह गर्नेछ भन्ने विश्वास मैले लिएको छु ।

अन्तमा यो योजना तर्जुमा गर्न महत्वपूर्ण सहयोग पुऱ्याउने सम्पूर्ण कार्यालय प्रमुख संघ संस्था र कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्दै यस योजनाको पूर्ण सफलताको कामना गर्दछु ।

भरत गौतम
(स्थानिय विकास अधिकारी)
स्थानीय विकास अधिकारी

# विषय सुची

| | पेज नं. |
|---|---|
| विपद पूर्वतयारी तथा प्रतिकार्य योजना | |
| १. पृष्ठभूमी | १ |
| २. अध्ययन प्रक्रियाहरु/प्रकाशनका लागि गरिएका प्रकृयाहरु | १ |
| ३. सिकाई/असल अभ्यासहरु | २ |
| ऐतिहासिक पृष्ठभूमी | |
| १. परिचय | २ |
| २. भौगोलिक अवस्थिति तथा क्षेत्रफल | २ |
| ३. हावापानी | २ |
| ४.मानवीय विकास सूचाङकमा बागलुङ जिल्ला | २ |
| ५. भू-उपयोग विवरण | २-३ |
| ६.संरक्षित वन क्षेत्रफल र उपयोग | ३ |
| ७. २०६८ को जनगणना अनुसार जनसंख्याको विवरण | ३ |
| ८.समाजिक संरचना | ३-५ |
| ९ सूचना तथा संचार संजाल | ५ |
| १०. राजनैतिक अवस्था | ५-६ |
| ११. जिल्लाको गा.वि.स.तथा न.पा को क्षेत्रफ, जनसंख्या तथा सदुमुकामसम्मको दुरी | ६-८ |
| परिच्छेद १ | |
| प्रतिकार्य योजनको उद्देश्य, नतिजा | |
| १ पृष्ठभूमि | ८ |
| १.१ जिल्लाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको उद्देश्य | ८-९ |
| १.२ विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनाको अपेक्षित नतिजा | ९ |
| १.३ सामान्य पूर्वतयारी योजना | ९-१२ |
| १.४ विभिन्न वैठकका निर्णयहरु | १२ |
| १.५ विपदका समयमा राहत सहयोग प्रदान गर्ने मापडण्ड | १२ |
| परिच्छेद २ | |
| परिस्थिति तथा जोखीम विश्लेषण | |
| २.१ बागलुङ जिल्लाको प्रकोप जोखीम विश्लेषण | १३ |
| २.२ बागलुङ जिल्लाको प्रकोप स्तरिकरण | १३ |
| २.३ जिल्लाको संकतासन्नता | १३-१५ |
| २.४ पहिरो | १५-१६ |
| २.५ खोलाहरुबाट प्रभावित क्षेत्र | १६ |
| परिच्छेद ३ | |
| परिस्थिति तथा योजना तर्जुमा सम्बन्धी पूर्वानुमान | |
| ३.१ विपदको अवस्था र मान्यता योजना | १७ |
| ३.२ निकायगत भूमीका र जिम्मेवारी | १७-१९ |
| ३.३ आपतकालीन परिस्थितिको पूर्वतयारी गतिविधि | १९ |
| ३.४ सूचना व्यवस्थापन | १९-२० |
| ३.३ आवश्यकताको लेखा जोखा र खाडल पहिचान | २० |
| परिच्छेद ४ | |
| विषय क्षेत्रको परिचय र क्षेत्रगत अवधारणा | |
| ४.१ विषय क्षेत्रको परिचय (क्षेत्रगत अवधारणा) | २०-२१ |
| ४.२ विषय क्षेत्रको अगुवा तथा सहायोगी संस्थाको सूचि | २१-२२ |
| ४.३ जिल्ला स्थित सरोकारवालको स्रोत एवं क्षमता विश्लेषण | |
| परिच्छेद ५ | |
| पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी योजाना | |
| ५.१ समन्वय तथा सूचना व्यवस्थापन कार्य समूह | २२ |
| क) समन्वय तथा सूचना व्यवस्थापन क्षेत्रको सम्पर्क व्यक्ति तथा संस्थाको विवरण | २३ |
| ख) सचना तथा समन्वयको तयारी योजना | |

५.२ खोज तलास तथा उद्धार
- क) खोज तलास तथा उद्धार कार्यको सम्पर्क व्यक्ति तथा संस्थाको विवरण २७
- ख) खोज तथा उद्धार क्षेत्रको तयारी योजना २८-२९

५.३ खाद्य समूह
- क) खाद्य तथा कृषी क्षेत्रको सम्पर्क व्यक्ति तथा संस्थाको विवरण ३०
- ख) खाद्य क्षेत्रको तयारी योजना ३१-३२

५.४ आवस तथा गैर खाद्यान्न
- क) आवस तथा गैरखाद्य क्षेत्रको सम्पर्क व्यक्ति तथा संस्थाको विवरण ३३
- ख) आवास तथा गैरखाद्य क्षेत्रको तयारी योजना ३४-३५

५.५ खानेपानी तथा सरसफाई क्षेत्र
- क) खानेपानी, सरसफाई तथा स्वास्थ्य प्रवर्धन क्षेत्रको सम्पर्क व्यक्ति तथा संस्थाको विवरण ३६
- ख) खानेपाली तथा सरसफाई क्षेत्रको तयारी योजना ३७-३८

६.६ स्वास्थ्य र पोषण
- क) स्वास्थ्य तथा पोषण क्षेत्रको सम्पर्क व्यक्ति तथा संस्थाको विवरण ३९
- ख) स्वास्थ्य र पोषण क्षेत्रको तयारी योजना ४०-४१

७.७ शिक्षा क्षेत्र
- क) शिक्षा क्षेत्रको सम्पर्क व्यक्ति तथा संस्थाको विवरण ४२
- ख) शिक्षा क्षेत्रको तयारी योजना ४३-४४

८.८ पूर्नस्थापन तथा पूननिर्माण कार्य समूह
- क) पूर्नस्थापन तथा पूननिर्माण कार्यदलको विवरण ४५
- ख) विपदको अवस्था तथा मन्यता योजना ४५
- ग) क्षेत्रगत उद्देश्य ४५
- घ) समस्टीगत उद्देश्य ४५
- ङ) पूर्नस्थापन तथा पूर्ननिमार्ण तयारी योजना ४६-४९

परिच्छेद ६

कार्यान्वयन रणनीति, पुनरावलोकन तथा समिक्षा

६.१ कार्यान्वयन तथा पुनरावलोकन रणनीति ५०

६.२ विपद पूर्व तयारी तथा प्रतिकार्य योजनाको कार्यान्वयन योजना ५०

६.३ विपद पूर्व तयारी तथा प्रतिकार्य योजना नियमित समीक्षा तथा अद्यावधिक ५०

परिच्छेद ७

७.१ प्रतिवेदन तथा संचार ५१

७.२ संस्थागत व्यवस्था ५१

७.३ अभिलेखीकरण ५१

७.४ अनुमेदन प्रकृया ५१

७.५ सर्न्दभ सामाग्री पुनरावलोकन नतीजा ५१

अनुसुची १ ५२

अनुसुचि २ ५३-५४

अनुसुचि ३ ५४-५७

# परिचय

## १. पृष्ठ भूमि :-

नेपाल बाढी, पहिरो आगलागी, महामारी,मौसमको विषमता तथा भूकम्प जस्ता प्रकोप उच्च जोखिम रहेको छ । देशका भौगर्भिक, भौगोलिक, जैविक,जल तथा मौसम र वातावरणीय अवस्थाका कारणहरुले विपद्का घटानाहरु घटने गरेको पाइन्छ ।

यसका साथै नेपालको पूर्वदेखि पश्चिम सम्मको भू-भाग वर्षायाममा बाढी-पहिरो, हिउंदमा अतिवृष्टि या अनावृष्टि, असिना, हावा हुरी र जुनसुकै समयमा भूकम्पीय दृष्टिले संवेदनशील मानिन्छ । विश्वका मुलुकमध्ये नेपाल भूकम्पका हिसावले ११ औं स्थानमा र जल उत्पन्न प्रकोपका जोखिममा ३० औं स्थानमा पर्नुले समग्र देश नै विपद् जोखिमका आधारमा अत्यन्त अगाडि देखिन्छ । देशको तराई समतल भू-भागमा बाढीजन्य तथा आगलागी, शीतलहर जस्ता विपदका असर बढी देखिन्छ भने पहाडी भागमा पहिरो, बाढी,नदीकटान, आगलागी, भूकम्प, महामारी तथा हिमाली भेगमा हिमपात, हिमताल फुट्ने, पहिरो,आगलागी, महामारी जस्ता विपदका जोखिमका कारणहरुले मानिसको जीविकोपार्जनमा प्रत्यक्ष असर पारेको देखिन्छ ।

वर्षेनी यस प्रकारका प्रकोपबाट थुप्रै जनधनको क्षति हुने गरेको छ । अनिश्चित वर्षाका कारणले हुने खडेरी तथा अनिकालले गर्दा मानिसहरु बढी प्रभावित हुने गरेको पाइन्छ । नेपालले हरेक वर्ष अव्यवस्थित बस्ती र जनचेतनाका कमीले गर्दा आगलागिबाट ठूलो क्षति व्यहोरिरेको छ । त्यसै गरी आंधीबेहरी, असिना, चटयाङ्ग, शीतलहर आदि जस्ता जलबायु परिवर्तको असरका कारण उत्पन्न विभिन्न प्रकोपहरुको समेत सामना गर्नुपरिरहेको छ । बारम्बार घटिरहने यस्ता विपदका घटनाहरु देशको विकास प्रयासमा समेत मूख्य वाधकको रुपमा देखिएका छन् । भौगोलिक विकटता, यातायातको असुविधा र प्रतिकुल मौसमका कारण घटनास्थलमा उद्धारकर्मी तथा राहत सामाग्री तत्काल उपलब्ध गराउन नसकिने हुंदा प्रभावितहरु अझ वढी जोखिममा रहेका छन । यी विभिन्न प्रकोपका सम्भावित घटनाहरुलाई तत्कालीन तथा दीर्घकालीन उपायहरुद्धारा न्यूनिकरण गर्न सकिन्छ भने कतिपय अवस्थामा यसको सामना नगरी नहुने अवस्था आइपर्दछ । उल्लेखित विभिन्न प्रकारका प्रकोपहरुबाट पर्ने सम्भावित विपद्लाई उचित रुपमा व्यवस्थापन गरी प्रतिकार्य गर्न र जनधनको क्षति न्युन गर्न व्यवस्थित पूर्वयोजना तथा पूर्वतयारीको महत्वपूर्ण स्थान रहन्छ । यस प्रकारका विपदका समयमा प्रभावकारी रुपमा मानवीय सहायता परिचालन गर्न र सम्बन्धित निकायको जिम्मेवारीलाई प्रष्ट किटान गर्नको लागि विपद पूर्वतयारी कार्ययोजनाले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

विपद्को पूर्वतयारी तथा प्रतिकार्य योजना बनाई समुदाय तथा अन्य सरोकारवालाहरुलाई सशक्तिकरण गरिएमा अकस्मात हुने जनधनको क्षति न्यूनीकरण गर्न सकिन्छ । जनधनको क्षति न्यूनीकरण र विकासका संरचनाको सुरक्षाका साथै विकासको प्रतिफललाई दीगो राख्न विपद पूर्वतयारी योजना बनाई कार्यान्वयन गरेर मानवीय तथा भौतिक क्षति कम गर्नु आवश्यकता रहेको छ । विपदको सवाल भनेको केवल राहत र उद्धारमा मात्र सम्बन्धित र सीमित छैन । आधारभूत मानव अधिकार, मानवीय कानून, विकास निर्माण, गांस, बास, कपास, शान्ति सुरक्षा एवं सामाजिक, आर्थिक, सांस्कृतिक लगायतका हरेक विषयहरुसंग यसको प्रत्यक्ष सम्बन्ध रहन्छ । यस्ता संवेदनशील विषयहरुलाई हृदयङ्गम गरी विपद व्यवस्थापन गतिविधिहरुलाई विकासका हरेक पक्षसंग एकीकृत गर्दै दीगो विकासको अवधारणभित्र समावेश गरिनुपर्ने आवश्यकता रहेको छ । विपद व्यवस्थापनका गतिविधिहरुलाई सरकारी, गैरसरकारी, सरोकारवाला निकायहरु बीचको साझेदारी र समन्वयमा सञ्चालन गर्नसकेमा बढि प्रभावकारी हुने देखिन्छ ।

विगत बर्षहरुदेखिनै यस जिल्लामा पनि यस्ता खालका विभिन्न प्रकोपहरुद्धारा जनधनको क्षति भैरहेको देखिन्छ भने सबै प्रकारका प्रकोपको सम्भावना पनि अत्यन्त बढि देखिन्छ । तसर्थ प्राकृतिक तथा मानव सिर्जित जुनसुकै खालका विपदका घटनाबाट हुन सक्ने मानिसको जीउधन तथा सम्पतिको क्षतिलाई न्यून गर्नका लागि जिल्लामा पनि आपतकालीन पूर्वतयारीलाई मजबूत बनाउन जरुरी छ । आपतकालीन तथा विपद पूर्वतयारी विपद जोखिम न्यूनीकरणको एउटा महत्वपूर्ण पक्ष हो । यसले विपदको सामना गर्न क्षमतालाई वृद्धि गर्न र समुदायलाई विपद व्यवस्थापन गर्ने कार्यमा मद्धत पुचाउंदछ ।

## २. अध्ययन प्रक्रियाहरू /प्रकाशनका लागि अबलम्बन गरिएका प्रकृयाहरू

विपदको क्षेत्रमा काम गर्ने निकायहरूका लागि तयार भएको मानवीय घोषणा (स्पेयर) पत्रले निर्दिष्ट गरेको मार्ग निर्देशन र न्यूनतम मापदण्ड अनुसारको प्रक्रियालाई योजना तयार गर्न कार्यशालामा अवलम्बन गरिएको छ साथै यसमा अरु समावेश गर्नु पर्ने विषय बस्तुलाई पनि समेट्ने प्रयास भएको छ । खासगरी यो दस्तावेज तयार गर्दा देहायको प्रक्रिया अपनाइएको थियो ।

- बि.सं. २०६८ मा तयार भएको प्रकोप पूर्वतयारी योजनाको बिश्लेषण र क्रमिक अध्यावधिक गरिएका दस्तावेजको अध्ययन
- जिल्ला दैविप्रकोप उद्धारसमितिका सबै बिषयगत सदस्यहरुको बीच छलफल, गोष्ठि
- विपदको क्षेत्रमा काम गर्ने विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरुबाट सूचना संकलन

- जिल्ला दैविप्रकोप उद्धारसमितिको बैठकमा पटक-पटक छलफल गरिएको बिषयबस्तु तथा निर्णयहरु ।
- अन्य जिल्लाहरुले तयार गरेका विपद पूर्वतयारी कार्ययोजनाहरुलाई पनि च्भाभचभलअभक का रुपमा लिईएको छ
- मिति २०७३/१/२३गते जिल्ला दैविप्रकोप उद्धारसमितिकोबैठक बसि यस विपद पूर्वतयारी योजना २०७२।७३ माथि छलफल भई स्विकृती गरिएको ।

## ३. सिकाई/असल अभ्यासहरु

जिल्लास्तरमा यो सातौ पटक विपद पूर्वतयारी कार्ययोजना तयार गरिएको हो । यस अघिका कार्ययोजनाहरु लाई समेत सिकाइको माध्यम बनाईएको छ भने यस योजनामा समावेश गरिएका विषयबस्तु समय-समयमा परिमार्जन गरिनेछ । यसमा कतिपय त्रुटी र कमी कमजोरी हुन सक्दछन् । कतिपय क्षेत्रका तथ्याङ्कहरू आउदा दिनमा समेत प्राप्त हुन सक्ने भएको र जरुरी तथ्यांकलाई मध्यावधि मूल्यांकनको वेलामा समेत समावेश गरी यो कार्ययोजना दस्तावेजलाई पूर्णता दिने प्रयास गरिएको छ ।

## जिल्लाको ऐतिहासिक पृष्ठभूमी

### १.परिचय :-

नेपालको पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत धवलागिरी अञ्चलको सदरमुकाम बागलुङ जिल्ला धवलागिरी हिमालको काखमा अवस्थित पवित्र कालिगण्डकी नदी किनारका तीर्थस्थल तथा पर्यटकीय स्थलको रुपमा चिनारी हुनुका साथै झोलुङ्गे पुलको जिल्लाको उपनामले समेत परिचित छ । यो जिल्ला नेपालको नक्सासँग मिल्दोजुल्दो आकारमा पूर्व पश्चिम फैलिएको छ । यसैले यसलाइ नेपाल भित्रको नेपाल पनि भनिन्छ । यस जिल्लाको सदरमुकाम जिल्लाको पूर्वी कुनामा अवस्थित रहेको छ । प्रशासकीय तथा राजनीतिक विभाजन अनुसार यस जिल्लाको पूर्वमा पर्वत, पश्चिममा रोल्पा र रुकुम, उत्तरमा म्याग्दी जिल्ला तथा दक्षिणमा प्यूठान र गुल्मी जिल्ला पर्दछन् । कुल १७८४ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको यस जिल्लालाई ३ संसदीय क्षेत्र १३ ईलाका, १ नगरपालिका र ५९ गा.वि.स.हरुमा बिभाजन गरिएको छ ।

### २.भौगोलीक अवस्थिति तथा क्षेत्रफल

| | | |
|---|---|---|
| १ | अक्षांश | २८°१५" उत्तरदेखी २८°३७" |
| २ | देशान्तर | ८३° पूर्वदेखी ८३° ३६" पूर्वसम्म |
| ३ | पूर्व पश्चिम सिमाना | पूर्व पर्वत र पश्चिम रोल्पा, रुकुम |
| ४ | उत्तर दक्षिण सिमाना | उत्तर म्याग्दी र दक्षिण प्यूठान, गुल्मी |
| ५ | औषत लम्बाई-चौडाई | क्रमशः ८२५०० मीटर र २३८१५ मीटर |
| ६ | समुद्र सतहदेखि उचाई | ३३२५ फिट |

### ३.हावापानी :-

| | | |
|---|---|---|
| १ | हावापानी | उष्ण, समशितोष्ण, ठण्डा शितोष्ण, लेकाली, हिमाली |
| २ | वार्षिक सरदर बर्षा | अधिकतम २२०० - न्यूनतम १०.९ मि.लि. |
| २ | तपक्रम | अधिकतम ३७.५ - न्यूनतम ६.५ डिग्री सेल्सियस |

### ४.मानवीय विकास सूचकाङ्कमा बागलुङ जिल्ला :-

| | | |
|---|---|---|
| १ | औषत आयु | ६३.५४ वर्ष |
| २ | मानवीय विकास सूचकाङ्क | ०.४९२ |
| ३ | मानवीय गरिव सूचकाङ्क | ३५.७ |
| ४ | लैङ्गिक विकास सूचकाङ्क | ०.४८१ |

### ५.भू- उपयोग विवरण :-

| सि. नं | भू-भाग हेक्टरमा | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | खेतियोग्य | खेती गरिएको | पाखो | खरवारी | बनजंगल | चरन | अन्य भीर-पाखो | नदीनाला | जम्मा |

|  |  |  |  |  |  |  | आवास |  |  |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ३०,४७६ | ४६,१४८ | २४६८४ | १५,६७२ | ९८,०४६ | २८,१८९ | ४,९९७ | ५,०९७ | १८२,४८६ |

**६.संरक्षित वन क्षेत्रफल र उपयोग :-**

| सि.नं. | वनको किसिम | क्षेत्रफल र उपयोग | जम्मा |
|---|---|---|---|
| १ | सरकारी बन | ९८,०४६ हेक्टर | ११४०९६ हेक्टर |
| २ | सामुदायिक बन | १६,०५० हेक्टर | |
| ३ | उपभोक्ता समूह संख्या | ४०४ समूह | |
| ४ | लाभान्वित परिवार | ४०६८१ घरधुरी | |

**७.२०६८ को जनगणना अनुसार जनसंख्याको विवरण :-**

| सि.नं. | विवरण | |
|---|---|---|
| १ | कूल जनसंख्या | २,७०,००९ |
| २ | महिला | १,५०,९८८ |
| ३ | पुरुष | १,१९,०२१ |
| ४ | घर संख्या | ६३५६५ |
| ५ | बार्षिक बृद्धिदर | १.४६ % |
| ६ | जनघनत्व | १५१ वर्ग किमी |
| ७ | औषत परिवार सदस्य संख्या | ४.२५ |
| ८ | दोब्बर हुन लाग्ने अवधि | ३१ बर्ष |
| ९ | शहरी जनसंख्या | ७.७४ % |
| १० | ग्रामिण जनसंख्या | ९२.२५% |
| ११ | शहरी जनघनत्व | ११३६.३५ वर्ग कि.मी. |
| १२ | ग्रामिण जनघनत्व | १४०.५१ वर्ग कि.मी. |
| १३ | लैगिंक अनुपात | ७९ पुरुष : १००महिला |
| १४ | नेपालको जन संख्यामा यस जिल्लाको अंश | १.१६ % |

**८.सामाजिक संरचनाः-**

**क) जात/जातिको आधारमा**

| क्र.स. | जात/जाति | संख्या | कूल जनसंख्याको प्रतिशत |
|---|---|---|---|
| १ | मगर | ७४५५० | २७.४६ |
| २ | ब्राह्मण | ५९५३२ | २२.४१ |
| ३ | क्षेत्री | ५१८७१ | १९.६१ |
| ४ | कामी | ३५१५० | १२.९४ |
| ५ | सार्की | ११६९९ | ४.३६ |
| ६ | दमाई | १०६२३ | ३.९८ |
| ७ | ठकुरी | ४११७ | १.५ |
| ८ | छन्त्याल | ४०४७ | १.५ |
| ९ | नेवार | ३३७० | १.२० |

**ख) धर्मको आधारमा**

| क्र.स. | धर्म | संख्या | कूल जनसंख्याको प्रतिशत |
|---|---|---|---|
| १ | हिन्दू | २२४०१० | ८३.२९ |
| २ | वौद्ध | ४१,७६८ | १५.५३ |
| ३ | ईस्लाम | ४९४ | ०.१८ |
| ५ | क्रिस्चियन | २५८ | ०.१० |
| ५ | किरात | ९०३ | ०.०१ |

**ग) शिक्षण संस्था संख्यात्मक**

| सि.नं. | स्तर | संख्या | | जम्मा |
|---|---|---|---|---|
| | | संस्थागत | सामुदायिक | |
| १ | प्रा.वि. | ४४ | ३६९ | ४१३ |
| २ | नि.मा.वि. | - | ५७ | ५७ |
| ३ | मा.वि. | १३ | ६३ | ७६ |
| ४ | उ.मा.वि. | ३ | २९ | ३२ |
| ५ | क्याम्पस | ४ | १ | ५ |
| ६ | प्राविधिक शिक्षालय | २ | - | २ |
| | जम्मा | | | ५८५ |
| | | | बेद विद्याश्रम/ संस्कृत पाठशाला | ५ |

घ) **जिल्लाको साक्षरता अवस्था**

| | | |
|---|---|---|
| १ | जिल्लाको कूल साक्षरता | ६१.७ % |
| २ | महिला साक्षरता | ५२.३ % |
| ३ | पुरुष साक्षरता | ७३.१ % |
| ४ | बढी साक्षरता भएको गाविस | सिगाना ७३.४२ % |
| ५ | कम साक्षरता भएको गाविस | राजकुत २१.५३ % |

घ) **प्रमुख पर्यटकीय स्थलहरुः-**

| सि.नं. | न.पा./गा.वि.स. | पर्यटकीय स्थल | सदरमुकामदेखि दूरी |
|---|---|---|---|
| १ | बाग्लुङ नगरपालिका | कालीका भगवती मन्दिर | सदरमुकाम |
| २ | बाग्लुङ नगरपालिका | संसारकोट | ४ कोष उत्तर पश्चिम |
| ३ | बोवाङ गा.वि.स. | ढोरपाटन / फागुनेको धुरी | ३६ कोष उत्तर पश्चिम |
| ४ | दमेक गा.वि.स. | गाँजाको दह (धुरी) | ७ कोष पश्चिम |
| ५ | भकुण्डे गा.वि.स. | भकुण्डे धुरी | २ कोष पश्चिम |
| ६ | जैदी गा.वि.स. | हाडिकोट धुरी | १३ कोष पश्चिम |
| ७ | पैंयुपाटा गा.वि.स. | पाग्जाकोट धुरी | ५ कोष पश्चिम |
| ८ | ग्वालिचौर गा.वि.स. | चमेरे गुफा | १६ कोष पश्चिम |
| ९ | हरिचौर, पाण्डवखानी, मल्म र हिल गा.वि.स.अन्तर्गत | घुम्टेको लेक | १० कोष पश्चिम |
| १० | विहुं गा.वि.स. | रामकोट /घोडाबांधे | ६ कोष पश्चिम |
| ११ | रणसिङकिटेनी र पाण्डवखानी गा.वि.स. | शिवधुरी / लोङाको धुरी | २८ कोष पश्चिम |
| १२ | भिमपोखरा गा.वि.स. | थाप्लेको धुरी | ५ कोष पश्चिम |
| १३ | कुश्मी र विनामारे गा.वि.स. | जैमिनेश्वर क्षेत्र | ९ कोष दक्षिण |

ङ) **स्वास्थ्य सेवा विवरणः-**

| सि.नं. | कार्यालय | संख्या | अवस्थिति |
|---|---|---|---|
| १ | अञ्चल अस्पताल | १ | बागलुङ नगरपालिका |
| २ | आँखा अस्पताल | १ | बागलुङ नगरपालिका |
| ३ | जिल्ला आयुर्वेद केन्द्र | १ | बागलुङ नगरपालिका |
| ४ | दन्त अस्पताल | १ | बागलुङ नगरपालिका |
| ५ | प्राथमिक स्वास्थ्य केन्द्र | ३ | कुश्मीसेरा, हरिचौर, बुर्तिवाङ |
| ६ | स्वास्थ्य चौकी | ९ | |
| ७ | उप-स्वास्थ्य चौकी | ४९ | |
| ८ | आयुर्वेद औषधालय | ४ | |
| ९ | गाउंघर क्लिनिक | १९० | |

**च) सडक, यातायातः-**

| सि.नं. | विवरण | दुरी | अवस्था |
|---|---|---|---|
| १ | पक्की सडक | १४.४१ कि.मी. | संचालनमा रहेको |
| २ | ग्राभेल सडक | ७ कि.मी | |
| ३ | कच्ची सडक | ४१७.१५ की.मी. | |
| ४ | झोलुङ्गे पुल | ५२५ वटा | |
| ५ | पक्की पुल | ४ वटा | |
| ६ | विमानस्थल | १ वटा | संचालनमा नरहेको |
| ७ | सडक पुगेका गाविस | ५२ गा.वि.स. | |
| ८ | सडक नपुगेका गाविस | ७ | छिस्ती, सल्यान, सुखौरा, रणसिंङकिटेनी, खुङखानी, तमान र बोबाङ |
| ९ | सडक कुल लम्वाई | ९९८ कि.मी. | |

**९.सूचना तथा संचार संजाल :-**

| सि.नं. | विवरण | |
|---|---|---|
| १ | हुलाक कार्यालय | जिल्ला हुलाक १<br>ईलाका हुलाक १३<br>अतिरिक्त हुलाक ४८ |
| २ | एफ एम रेडियो | धौलागिरी एफ.एम.<br>बागलुङ एफ.एम.<br>सयपत्री एफ.एम.<br>गलकोट एफ.एम<br>सारथी एफ.एम<br>ढोरपाटन एफ.एम |
| ३ | पत्र-पत्रिका | दैनिक ३ वटा<br>साप्ताहिक ७ |

**१०.राजनैतिक अवस्था :-**

यस जिल्लामा क्रियाशील राजनैतिक पार्टीहरु बीचको सम्बन्ध समग्रमा एक आपसमा सहयोगी रहेको भएता पनि रा.ज.मो. र ए.ने.क.पा. माओवादीका नेता तथा कार्यकर्ताहरु बीच बेला बखत हुने मनमुटाव ले सामान्य विवाद हुने गरेको भए पनि प्रहरी प्रशासनवाट गरिएको समन्वयात्मक भूमिका र सुरक्षा व्यवस्थापनका कारण ठूलो झडपको स्थिति सिर्जना हुन नपाएको । यस जिल्लाको राजनैतिक सन्तुलन कायम राख्न ने.क.पा.एमाले, ने.का., एकिकृत ने.क.पा. (माओबादी) तथा रा.ज.मो.को सकारात्मक भूमिका तथा सदभाव माथि गर्दछ ।

माथि उल्लेखित ४ वटै राजनैतिक दलको राम्रो पकड रहेको पाईएता पनि गत संविधान सभाको निर्वाचनमा खसेको मतको आधारमा ने.का.पहिलो ,नेकपा एमाले, ए.ने.क.पा. (माओवादी) ठूलो दलको रुपमा रहेको देखिन्छ । ने.क.पा.एकिकृत तथा माले पार्टीको प्रभाव न्यून रहेको देखिन्छ । त्यसै गरी रा.प्र.पा.,रा.जनशक्ति पार्टी तथा रा.प्र.पा. पार्टीको प्रभाव समेत सदरमुकाम लगायतका क्षेत्रमा सामान्य रहेको पाईन्छ ।

**क) राजनैतिक तथा प्रशासनिक विवरण :-**

| सि.नं. | विवरण | |
|---|---|---|
| १ | विकास क्षेत्र | पश्चिमाञ्चल |
| २ | अञ्चल | धवलागिरी |
| ३ | जिल्ला सदरमुकाम | बागलुङ बजार |
| ४ | निर्वाचन क्षेत्र | ३ |
| ५ | नगरपालिका/गा.वि.स | १ र ५९ |
| ६ | ईलाका | १३ |
| ७ | मतदाता संख्या | क्षेत्र नं. १ ७९६०५<br>क्षेत्र नं. २ ७४९६९<br>क्षेत्र नं. ३ ७१७९१ |

बागलुङ जिल्लालाई राजनैतिक रुपमा ३ निर्वाचन क्षेत्र १३ इलाका र ५९ गा.वि.स. तथा १ नगरपालिकामाविभाजन गरिएको छ । विभिन्न निर्वाचन क्षेत्र अन्तर्गत पर्ने इलाकाहरु तथ गा.वि.स.हरु तल तालिकामा दिइएको छ।

| क्षेत्र नं. | इलाका नं. | गा.वि.स.हरु |
|---|---|---|
| निर्वाचन क्षेत्र नं. १ | १ | बा.न.पा., मालिका, भकुण्डे, रायडाँडा र तित्याङ |
| | २ | बा.न.पा. ५,६ र ७ वार्ड, पाला, भिमपोखरा, धम्जा र सिँगाना |
| | ३ | रेश, लेखानी, विहुँ , तंग्राम, दुदिलाभाटी र नरेठाँटी |
| | ४ | हिल, तारा अर्गल अमरभूमी र हरिचौर |
| निर्वाचन क्षेत्र नं. २ | ५ | नारायणस्थान, पैयुँपाटा, अमलाचौर, कुश्मिसेरा र विनामारे |
| | ६ | अर्जेवा, जैदी, छिस्ती, धुल्लु बास्कोट र सर्कुवा |
| | ७ | दमेक, पैयुँ थन्थाप, राङखानी, हुग्दीशिर र बाटाकाचौर |
| | ८ | सल्यान, सुखौरा,काँडेवास, मल्म र हटिया |
| निर्वाचन क्षेत्र नं. ३ | ९ | रणसिंहकिटेनी, सिसाखानी, पाण्डवखानी र रिघा |
| | १० | राजकुट, बुर्तिवाङ, अधिकारीचौर र वोवाङ |
| | ११ | दर्लिङ, भिमगिठे, ग्वालीचौर, दगातुन्डाँडा, जलजला |
| | १२ | खुंखानी, तमान, बोङ्गागादोभान र खुगा |
| | १३ | निसी, देविस्थान र बोहरागाउँ |

**११. जिल्लाका गा.वि.स. तथा न.पा.को क्षेत्रफल, जनसंख्या तथा सदरमुकामसम्मको दुरी**

| सि. नं. | गा.वि.स./न.पा. | क्षेत्रफल वर्ग कि.मी. | परिवार संख्या | जनसंख्या | पुरुष | महिला | सदरमुकामसम्मको दुरी कोषमा |
|---|---|---|---|---|---|---|---|
| १ | अधिकारीचौर | ११४.९६१४ | १,४२४ | ६,६८३ | २,९२३ | ३,७६० | २८ |
| २ | अमलाचौर | १०.४३०६ | १,२०६ | ४,५८७ | १,८७८ | २,७०९ | ५ |
| ३ | अमरभूमी | १६.३७३९ | ५६३ | २,४७९ | १,०५४ | १,४२५ | ८ |
| ४ | अर्गल | २३.७४१८ | ४७५ | २,३२९ | १,०६२ | १,२६७ | १० |
| ५ | अर्जेवा | ५.४८९ | ४८४ | १,९९३ | ८४३ | १,१५० | १४ |
| ६ | बाटाकाचौर | १९.९६५ | ८६९ | ३,८५९ | १,६२६ | २,२३३ | २० |
| ७ | भकुण्डे | ९.७६२५ | ८६७ | ३,४८३ | १,५२० | १,९६३ | ४ |
| ८ | भिमापोखरा | १२.७७४६ | ८२५ | ३,४५५ | १,४९४ | १,९६१ | ५ |
| ९ | भिमगिठे | २७.३०९७ | १,१८६ | ५,७९१ | २,५८३ | ३,२०८ | २१ |
| १० | विहुँकोट | २०.०००४ | १,४४१ | ६,४१५ | २,७२६ | ३,६८९ | ६ |
| ११ | विनामारे | ६.७९७६ | ५६२ | २,३५२ | ९७५ | १,३७७ | ११ |
| १२ | बोहारागाउँ | ५८.६३६९ | १,२९४ | ५,९०३ | २,६६२ | ३,२४१ | ३० |
| १३ | बुँगादोभान | ८०.०४५९ | १,२१७ | ५,४८६ | २,४२३ | ३,०६३ | २८ |
| १४ | बोवाङ | २५४.८१५१ | १,४४१ | ७,०८८ | ३,२५० | ३,८३८ | ३६ |
| १५ | बुर्तिवाङ | ३३.०१३६ | १,९९८ | ८,७७१ | ३,९७६ | ४,७९५ | २५ |
| १६ | छिस्ती | १९.६४९२ | १,१०६ | ४,८१० | २,००५ | २,८०५ | १८ |
| १७ | दगातुन्डाँडा | १८.५९१९ | १,१६८ | ५,४६६ | २,३५८ | ३,१०८ | १६ |
| १८ | दमेक | २८.४४४३ | १,२०६ | ५,७४६ | २,४४९ | ३,२९७ | १० |
| १९ | दर्लिङ | २३.३१९६ | १,१५६ | ६,१५१ | २,८३४ | ३,३१७ | २५ |
| २० | देविस्थान | ४५.०७८६ | १,६१६ | ७,६५१ | ३,३२६ | ४,३२५ | २८ |
| २१ | धम्जा | १०.२६१७ | ६०० | २,४९४ | १,०५७ | १,४३७ | ८ |
| २२ | दुदिलाभाटी | २१.५३६६ | ९६९ | ४,०७८ | १,७१५ | २,३६३ | १० |
| २३ | जैदी | १४.७१९८ | १,००६ | ४,१९५ | १,७९० | २,४०५ | १५ |
| २४ | धुल्लुबास्कोट | १४.७३६१ | ७७९ | ३,५९४ | १,५५१ | २,०४३ | १५ |

| सि. नं. | गा.वि.स./न.पा. | क्षेत्रफल वर्ग कि.मी. | परिवार संख्या | जनसंख्या | पुरुष | महिला | सदरमुकामसम्मको दुरी कोषमा |
|---|---|---|---|---|---|---|---|
| २५ | ग्वालीचौर | २४.९४७४ | ९२६ | ४,३७५ | १,९१६ | २,४५९ | १८ |
| २६ | हरिचौर | २७.३९०८ | १,२७० | ५,२६६ | २,२८० | २,९८६ | १० |
| २७ | हटिया | २७.६९०० | १,७२३ | ७,२४० | ३,१४५ | ४,०९५ | ९ |
| २८ | हिल | २३.१७०४ | ६१२ | २,८५४ | १,२७३ | १,५८१ | १३ |
| २९ | हुग्दीशिर | २१.८०१३ | ९३३ | ४,२०० | १,७८५ | २,४१५ | १८ |
| ३० | जलजला | १९.३४१५ | ८०४ | ४,०३५ | १,६९७ | २,३३८ | २१ |
| ३१ | बा.न.पा. | १८.६५९ | ७,८४८ | २९,३६० | १३,५५६ | १५,८०४ | ० |
| ३२ | काँडेबास | १५.०२१२ | ५३९ | २,५३२ | १,१५८ | १,३७४ | १२ |
| ३३ | खुंगा | ४८.९१११ | ८४३ | ३,६७३ | १,६३५ | २,०३८ | ३० |
| ३४ | कुश्मिसेरा | ९.८०८४ | ८१८ | ३,२४४ | १,४२१ | १,८२३ | ९ |
| ३५ | लेखानी | १०.५२३९ | ६२६ | २,४७४ | ९९६ | १,४७८ | ६ |
| ३६ | मालिका | ८.७७८ | ५८७ | २,२६२ | ९६३ | १,२९९ | ४ |
| ३७ | मल्म | १९.०३१५ | १,०६७ | ४,६२० | २,०४९ | २,५७१ | १० |
| ३८ | नारायणस्थान | ४.५४०६ | ७८१ | २,८७६ | १,१९७ | १,६७९ | ४ |
| ३९ | नरेठाँटी | ७.७११८ | ७६८ | ३,२५९ | १,३१३ | १,९४६ | ८ |
| ४० | निसी | २०७.२३२१ | १,४२५ | ७,०५७ | ३,१३१ | ३,९२६ | ३२ |
| ४१ | पैयुँपाटा | १३.८८२३ | १,३४७ | ५,०४१ | २,०९१ | २,९५० | ४ |
| ४२ | पैयुँ थन्थाप | १३.३५१३ | ८३८ | ३,५८० | १,५६५ | २,०१५ | १० |
| ४३ | पालाकोट | ७.५९८३ | ८७३ | ३,५९९ | १,५४५ | २,०५४ | ४ |
| ४४ | पाण्डवखानी | ५६.५१०३ | ५५२ | २,३८० | १,००२ | १,३७८ | १५ |
| ४५ | राजकुट | २१.२९७४ | ५५८ | २,६८९ | १,१४१ | १,५४८ | २५ |
| ४६ | रणसिंकिटेनी | ४४.३८७४ | ५७० | ३,०३२ | १,३२६ | १,७०६ | २८ |
| ४७ | राङखानी | १३.४१७२ | ९०७ | ३,८०७ | १,६२७ | २,१८० | १२ |
| ४८ | रायडाँडा | १२.६७५१ | ५४९ | २,३२९ | १,००८ | १,३२१ | ७ |
| ४९ | रेश | १५.६१३७ | १,१५६ | ४,७१३ | १,९८३ | २,७३० | ५ |
| ५० | रिघा | १८.९०८२ | ८२३ | ३,७२२ | १,६११ | २,१११ | १६ |
| ५१ | सल्यान | १०.८८११ | ३९३ | १,७२१ | ७०९ | १,०१२ | २२ |
| ५२ | सर्कुवा | ८.३७६५ | ५५० | २,३१९ | १,००१ | १,३१८ | १० |
| ५३ | सिंगाना | ८.०१७६ | ७७७ | ३,०३१ | १,२५७ | १,७७४ | ४ |
| ५४ | सिसाखानी | २०.२१६१ | ४१८ | २,०५६ | ८७७ | १,१७९ | १८ |
| ५५ | सुखौरा | ६.७३५३ | २६६ | १,११८ | ४९३ | ६२५ | २४ |
| ५६ | खुंखानी | ७८.६५९७ | ५२५ | २,३०२ | ९९६ | १,३०६ | ३४ |
| ५७ | तमान | ३०.४५२८ | ६८० | २,८७१ | १,२५८ | १,६१३ | ३२ |
| ५८ | तंग्राम | ८.०५२९ | ८४६ | ३,८१५ | १,६५२ | २,१६३ | ७ |

| सि. नं. | गा.वि.स. /न.पा. | क्षेत्रफल वर्ग कि.मी. | परिवार संख्या | जनसंख्या | पुरुष | महिला | सदरमुकामसम्मको दुरी कोषमा |
|---|---|---|---|---|---|---|---|
| ५९ | ताराखोला | ६५.६४२७ | ८४५ | ४,३४७ | १,९७६ | २,३७१ | १४ |
| ६० | तित्याङ | १०.०७५३ | ९८१ | ३,९७२ | १,६८२ | २,२९० | ३ |
| | संस्थागत | | | ४० | १,६०२ | ३८१ | |
| | ***जम्मा*** | १७८४.०० | ६१,५२२ | २,६८,६१३ | ११७,९९७ | १५०,६१६ | |

बागलुङ जिल्लामा क्षेत्रफलको हिसाबले ५ ठुला गा.वि.स.हरु क्रमश : वोवाङ, निसी, अधिकारीचौर, बुङ्गादोभान र खुंखानी हुन् भने सानो गा.वि.स.हरुमा नारायणस्थान, अर्जेवा, विनामारे सुखौरा र पाला पर्दछन । त्यसैगरी जनसंख्याका हिसावले ठुला गा.वि.स.हरु क्रमश : बुर्तिवाङ, देविस्थान, हटिया, वोवाङ र निसी तथा साना गा.वि.स.हरुमा सुखौरा, सल्यान, अर्जेवा, सिसाखानी र मालिका रहेका छन् ।

## परिच्छेद १
## प्रतिकार्य योजनाको उद्देश्य, नतिजा

### १. पृष्ठभूमि

कुनै पनि स्थान वा समूदायमा भएका बिकास, उन्नति तथा त्यहाँ भएका संकटहरु र तिनले निम्त्याउने विपद्मा प्रत्यक्ष रूपले सम्बन्ध राख्छन् । हाम्रो देशमा करीव ६००० नदी नालाहरु छन् । प्रत्येक बर्ष हिमालय र चुरे क्षेत्र भएर वग्ने नदीहरुले व्यापक भू-क्षयका माध्यमले माटो र वालुवा ल्याई नदीको वहा क्षेत्रको सतह उच्च हुन गई नदीका धारहरु परिवर्तन भै रहेका छन् । पानीजन्य प्रकोपको हिसावले नेपाल विश्वमा **३०औं** स्थानमा, भुकम्पको जोखिमका हिसावले **११ औं** स्थानमा र जलवायु परिवर्तनको असरको हिसावले चौथो स्थानमा पर्दछ । समय समयमा हुने विपद्ले मानिसको जनजीवन अस्तव्यस्त पार्नुका साथै निर्माण गरिएको भौतिक पूर्वाधारहरु पनि नष्ट गर्दछ । धेरै समय देखि निर्माण गरिएको भौतिक संरचना होस् वा आयआर्जन गरेको धन सम्पति एकै पटकको प्रकोपले सबै नष्ट गर्न सक्छ । त्यसैले प्रकोपको क्षतिलाई न्यूनीकरण गर्न साधारणतया उद्धार र राहतका कार्यक्रमलाई मात्र नहेरी विपद् पूर्वतयारी र विपद् जोखिम न्यूनिकरण तथा प्रतिकार्यको आवश्यता रहिरहन्छ ।
पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने बागलुङ जिल्लासमुद्र सतहदेखि  मिटर देखि  मिटर सम्मको उचाईमा रहेको छ । यस जिल्लामा ३ निर्वाचन क्षेत्र रहेका छन् भने ५९ वटा गा.वि.स. र १ नगरपालिका रहेको छ । समय परिस्थिति र भौगोलिक विविधताको आधारमा यस जिल्लामा हुरी बतास, आगलागी, वाढी  प्रमुख प्रकोप हुन् भने यसका अतिरिक्त सडक दुर्घटना, लू-लाग्नु, आँधीवेरी र चट्याङ आदि जस्ता प्रकोपहरु बारम्बार दोहोरिने र ठूलो प्रभाव पार्ने प्रकोपका रुपमा रहेका छन् ।

विपद् व्यवस्थापनका तिन चरणहरु विपद् पूर्व तयारी, विपद्का समयमा खोज उदार व्यवस्थापन र विपद् पछि राहत र पूर्नस्थापना मध्ये विपद् पूर्व गरिने न्यूनीकरण र पूर्वतयारी कार्य ६ गुणा सस्तो र प्रभावकारी हुने हुन्छ त्यसकारण दिगो विकासको प्रयासलाई सघाउन र विपद्को प्रभाव घटाएर सुरक्षित समाजको विकासको लागि विपद्को जोखिममा रहेका समुदायको विपद् सामना क्षमता अभिवृद्धि गर्नु नितान्त आवश्यक छ । नेपाल सरकारले २०६६ असोजमा स्वीकृत गरेको 'विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति' र 'ह्योगो कार्यसंरचना २००५-२०१५' ले मार्गदर्शन गरेअनुरुप स्थानीय स्वायत्त सुशासन ऐनलाई समेत आधार मानेर विपद् व्यवस्थापनका लागि स्थानीय तहको क्षमता अभिवृद्धि गर्ने यो एक प्रयास हो । विपद् व्यवस्थापनको यही प्रयासस्वरुप जिल्लामा विपद् पूर्वतायरी तथा प्रतिकार्य योजना अध्यावधिक हुदै आईरहेको छ । यस योजना भित्र मूलभूत रूपमा क्षेत्रगत अवधारणा(Cluster Approach)लाई आत्मसात गरिएको छ ।

यसर्थ प्रकोपको कारणले प्रत्येक वर्षमा हुने व्यापक जनधनको क्षति र विस्थापित र प्रभावितहरूको लागि एउटा सहभागितामूलक योजना बनाएमा मात्र उनीहरूले न्यायपूर्ण राहत पाउन सक्ने र बाढी लगायतका अन्य प्रकोपवाट हुने क्षतिलाई न्यूनीकरण गर्न जिल्लामा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना सरोकारवाला सवैको सहभागीतामा जिल्ला दैवीप्रकोप उद्धार समिति बागलुङले तयार गरि लागु गरिएको छ ।

### १.१ जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको उद्देश्यः

- विपद पूर्व, विपद परिरहेको समयमा र विपद पछि गर्नु पर्ने कार्यहरुको पूर्वतयारी गर्नु ।
- विपद प्रभावितहरू लाई तत्काल उद्धार तथा राहत सेवा पुऱ्याउन सरल पार्नु ।

- कार्ययोजनामा जिम्मेवारी बोकेका विभिन्न सघंसस्थाहरूको कार्य प्रगतिको समीक्षा गर्नु ।
- विभिन्न निकाय तथा संघसस्थाहरू बीच समन्वय गरी कार्यक्रमलाई एकीकृत रूपमा अगाडि लैजानु ।
- कार्य योजना प्रकाशन गरी सम्बन्धित निकायहरूलाई वितरण गर्नु ।

क) समष्टिगत उद्देश्य :

जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको **समष्टिगत** उद्देश्य निम्न रहेका छन् :

⟹ मानवीय प्रतिकार्यका लागि पहिले नै उपयुक्त तथा पर्याप्त पूर्वतयारी तथा प्रतिकार्य योजनाको तर्जुमा गर्नु ।

⟹ मानवीय असरहरूलाई कम गर्नका लागि प्रकोपबाट प्रभावित मानिसहरूका आवश्यकताहरू परिपूर्ति गर्नका निमित्त समयमा नै एकैनासको तथा समन्वयात्मक प्रतिकार्य उपलब्ध गराउने कुरा सुनिश्चित गर्नु ।

ख) सहायक उद्देश्य :

जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको सहायक उद्देश्यहरु निम्न बमोजिम रहेका छन् :

- विगतका वर्षका विपद्बाट भएको क्षति र मानविय सहयोगको अनुभव लेखाजोखा गरी सिकाईको आदान प्रदान गर्ने ।
- प्रकोपबाट उत्पन्न विपद् व्यवस्थापनको लागि उपलब्ध स्रोत, साधन, शीप र ज्ञानको अधिकतम उपयोग गर्ने।
- विपद्बाट प्रभावित मानिसहरुको आवश्यकता पहिचान गरेर मानवीय असरलाई न्यूनीकरण गर्ने ।
- जोखिममा रहेका समुदायको सुरक्षित भविष्यको प्रत्याभूतिको लागी विपद्को सामना गर्न जिल्लाको क्षमता अभिवृद्धिमा सहयोग पुऱ्याउने ।

### १.२ विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनाको अपेक्षित नतिजाः

- विपद् पूर्व, विपद्का समयमा र विपद् पछि गर्नुपर्ने कार्यहरुको पूर्वतयारी भएको हुनेछ ।
- विपद् प्रभावितहरूलाई तत्काल उद्धार तथा राहत सेवा पुऱ्याउने कार्यमा सहजता आएको हुनेछ ।
- कार्ययोजनामा जिम्मेवारी वहन गरेको विभिन्न सघंसस्थाहरूको कार्य प्रगतिको समीक्षा भएको हुनेछ ।
- सरोकारवाला विच समन्वय भई मानविय सहयोग कार्य एकीकृत रूपमा अगाडि वढेको हुनेछ ।
- मानवीय सहयोगका लागि पहिले नै उपयुक्त तथा पर्याप्त पूर्वतयारी तथा सहयोग योजनाको तर्जुमा भएको हुनेछ ।
- मानविय असर लाई कम गर्नका लागि प्रकोप बाट प्रभावित मानिसहरूका आवश्यकताहरू पूर्ति गर्नका निमित्त समयमा नै एकनासको तथा समन्वयात्मक सहयोग उपलब्ध भएको हुनेछ ।
- जिल्ला विपद् व्यवस्थापन समिति मार्फत नेपाल सरकारले प्रकोप प्रभावित परिवारलाई उपलव्ध गराउनु पर्ने सहयोग उपलब्ध गराएको हुनेछ ।
- कुनै पनि मानवीय सहयोग मानवीय सिद्धान्त अर्थात् मानवता, निष्पक्षता तथा तटस्थताबमोजिम उपलब्ध भएको हुनेछ ।
- आपत्कालीन सहयोग तथा विपद्को रोकथाम, न्यूनीकरण, पूर्व-तयारी, सहयोग तथा पुनर्लाभ (Recovery)का लागी सबै गतिविधिहरूको समन्वय गर्ने अन्तिम निकायकारूपमा नेपाल सरकार जिम्मेवार रहेको हुनेछ
- जिल्ला स्तरमा जिल्ला विपद् व्यवस्थापन समिति र जिल्लामा मानवीय सहयोगका क्षेत्रमा क्रियाशील अन्य निकायहरूको सहभागिताको माध्यमबाट आपत्कालीन प्रतिकार्य योजना अनुरुप कार्य भएको हुनेछ ।

### १.३ सामान्य पूर्वतयारी योजनाः

क) मानवीय सहायतामा संलग्न साझेदार निकायको सूचि:

| सि.नं. | निकाय/संस्थाको नाम | सि.नं. | निकाय/संस्थाको नाम |
|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय बागलुङ | १७ | नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा बागलुङ्ग |
| २ | जिल्ला आपतकालीन कार्य संचालन केन्द्र | १८ | बागलुङ्ग उद्योग वाणिज्य संघ |
| ३ | जिल्ला विकास समिति बागलुङ | १९ | गैर सरकारी संस्था महासंघ जिल्ला शाखा बागलुङ्ग |
| ४ | बागलुङ नगरपालिका बागलुङ र गा.वि.सहरु | २० | पश्चिमाञ्चल सिंचाई विकास डिभिजन नं. ४ |
| ५ | नेपाल प्रहरी | २१ | सेतो गुराँस |
| ६ | नेपाली सेना | २२ | धवलागिरी सामुदायिक श्रोत विकास केन्द्र |
| ७ | शसस्त्र प्रहरी बल | २३ | शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय |
| ८ | राजनैतिक दलहरु | २४ | सडक डिभिजन कार्यालय |
| ९ | जल उत्पन्न प्रकोप नियन्त्रण कार्यालय | २५ | जिल्ला प्राबिधिक कार्यालय |
| १० | जिल्ला जनस्वास्थ्य कार्यालय | २६ | जिल्ला वन कार्यालय बागलुङ |
| ११ | जिल्ला शिक्षा कार्यालय | | |
| १२ | खानेपानी तथा.सरसफाई डि.कार्यालय | | |
| १३ | महिला तथा बालबालिका कार्यालय | | |
| १४ | धवलागिरी अञ्चल अस्पताल | | |
| १५ | धवलागिरी अंचल वस व्यवसायी समिति | | |

| | | | |
|---|---|---|---|
| १६ | धवलागिरी जिप व्यवसायी समिति | | |

ख) मानवीय सहायतामा संलग्न साझेदार निकायको सम्पर्क विवरण:

| सि.नं. | कार्यालय/संस्था | सम्पर्क व्यक्तिको नाम थर | पद | मोवाइल नं. | कार्यालयको टेलिफोन नं. |
|---|---|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | कृष्णराज गौतम | प्रशासकिय अ. | ९८५७६२३२९९ | ०६८५२०२३३ |
| २ | जिल्ला विकास कार्यालय | ईश्वरलाल शाक्य | यो.अनुगमन तथा प्र.अ. | ९८४७६२१९७३ | ०६८५२०४०५ |
| ३ | नेपाली सेना, सुर्यदल गण | इन्द्रविर विष्ट | प्रमुख सेनानी | ९८५७६२०००४ | ०६८५२११८१ |
| ४ | नेपाल प्रहरी | अनिल कुमार खड्का | प्र.ना.उ. | ९८५७६९०१९१ | ०६८५२०१९९ |
| ५ | जिल्ला शिक्षा कार्यालय | विष्णु प्रसाद मिश्रा | जि.शि.अ. | ९८५७६२०७९३ | ०६८५२०१०५ |
| ६ | जिल्ला स्वास्थ्य कार्यालय | महेश्वर श्रेष्ठ | व.जनस्वास्थ्य प्रशासक | ९८५७६२२७८८ | ०६८५२२४८८ |
| ७ | जिल्ला कृषि विकास कार्यालय | विप्लब अधिकारी | बालि विज्ञ अधिकृत | ९८४६०७१९६२ | ०६८५२०१३० |
| ८ | खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय | जनकराज गौडेल | इन्जिनियर | ९८४७६२३१६९ | ०६८५२०११० |
| ९ | जिल्ला भूसंरक्षण कार्यालय | शम्भुसंकर झा | स. भू.सं.अ. | ९८५४०३५०५१ | ०६८५२०१५१ |
| १० | जिल्ला वन कार्यालय | विन्दु मिश्रा | जि.बन अधिकृत | ९८५७६२३१३५ | ५२०१३५ |
| ११ | नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा बागलुङ | जब्बर वहादुर लामिछाने | सभापति | ९८५७६००९४८ | ५२०१६९ |
| १२ | बागलुङ्ग उद्योग बाणिज्य संघ | जयराम भारी | अध्यक्ष | ९८५७६२११९७ | |
| १३ | धवलागिरी सामुदायिक श्रोत विकास केन्द्र | इश्वरलाल राजभण्डारी | अध्यक्ष | ९८५७६२०१३० | |
| १४ | गै.स.स. महासंघ | प्रमानन्द कँडेल | अध्यक्ष | ९८५७६२०५६२ | |
| १५ | नेपाली कंग्रेस | दिपेन्द्र थापा | सभापति | ९८५७६२१५०७ | |
| १६ | ने.क.पा. एमाले | श्री प्रसाद शर्मा | अध्यक्ष | ९८५७६२१४०० | |
| १७ | ऐ. नेकपा माओवादी | फोमलाल निउरे | अध्यक्ष | ९८५७६२०८८४ | |
| १८ | राष्ट्रिय जनमोर्चा | अमर थापा | ,, | ९८५७६२०४९१ | |
| १९ | उत्पिडित दलित समुदायको संजाल | | | | |
| २० | सेतो गुराँस | वीणा कार्की | | | |
| २१ | प्लान नेपाल | भूपनिधि | | ९८४५०५७३०० | |
| २२ | बागलुङ नगरपालिका | युक्त प्रसाद सुवेदी | यो.अ. | ९८५७६२०११३ | ५२०१३१ |
| २३ | पश्चिमाअंचल सिचाई विकास डिभिजन नं. ४ | शंकर बुढाथोकी | इ | ९८५११६१३४४ | |
| २४ | जल उत्पन्न प्रकोप | दिपक वहादुर थापा | सब इ. | ९८४६५३११६३ | ५२३०६६ |
| २५ | गाँजा युवा क्लब | हर्ष वहादुर गुरुङ | अध्यक्ष | | ५२०३९८ |
| २६ | चारतारे युवा क्लब | चन्दी प्रसाद शर्मा | अध्यक्ष | | |
| २७ | मिलिजुलि बागलुङ | राजेन्द्र शाक्य | सचिव | | |

**ग) गाविस सचिवहरुको सम्पर्क विवरण:**

क्षेत्र नं. १

जिल्ला :- बागलुङ गाविस संख्या :- ५९, नपा :- १

| सि.नं. | गाविसको नाम | सचिवको नाम | स्थायी ठेगाना | सम्पर्क फोन नं. |
|---|---|---|---|---|
| १ | हिल | अमरभुमिले हेरेको | | |
| २ | तारा | तेजराज गौतम | बा.न.पा. ६ | ९८५७६२३३५१ |
| ३ | भिमपोखरा | विष्णुनाथ शर्मा | वा न पा | ९८४७६२९०३१ |
| ४ | विहुँ | मनोज कार्की | रेश ४ | ९८५७६२८७७७ |
| ५ | रेश | चुर्णबहादुर कार्की | भ.न.पा. ११ | ९८५७६२०६९४ |
| ६ | दुदिलाभाटी | काशीराम शर्मा | भिमपोखारा ९ | ९८४७६७९५५५ |
| ७ | भकुण्डे | नरेन्द्रबहादुर के.सीं | बा.न.पा. ११ | ९८४७६२८९२८ |
| ८ | अमरभूमी | खड्कबहादुर थापा | भकुण्डे ४ | ९८४७६३०८५७ |
| ९ | हरिचौर | माधव प्रसाद शर्मा | रामनगर परासी | ९८४७६३७७५५ |
| १० | मालिका | नारायणप्रसाद शर्मा | बा.न.पा. ११ | ९८४७६२१२९६ |
| ११ | पाला | रिता राना पुन | | ९८४७७९४०३४ |
| १२ | सिंगाना | लक्ष्मण पौडेल | तित्याङ ९ | ९८६७६०४४५५ |
| १३ | तित्याङ | लालबहादुर के.सि. | तित्याङ | ९८४७७७०८३८ |
| १४ | तंग्राम | पहलमान थापा | तंग्राम ४ | ९८४७७०५४४५ |
| १५ | रायडांडा | नारायणप्रसाद रिजाल | भकुण्डे ६ | ९८५७६२८००० |
| १६ | धम्जा | देवकुमार मण्डल | छटवा ९ बारा | ९८६७६४०४८९ |

| | | | | |
|---|---|---|---|---|
| १७ | लेखानी | मधु पन्थी | अमरपुर ३ गुल्मी | ९८४३६७५५२३ |
| १८ | अर्गल | जनकराज शर्मा | प्रगती नगर ३ परासी | ९८५७६२६००० |
| १९ | नरेठाँटी | हटियाले हेरेको | | |

क्षेत्र नं. २

| सि.नं. | गाविसको नाम | सचिवको नाम | स्थायी ठेगाना | सम्पर्क फोन नं. |
|---|---|---|---|---|
| १ | दमेक | कुश्मिशेराले हेरेको | | |
| २ | पैयुपाटा | युगराज शर्मा | पैयुपाटा | ९७५६७००९४४ |
| ३ | अमलाचौर | भविदत्त पन्त | अमलाचौर १ | ९८५७६२१२९५ |
| ४ | हुग्दिशिर | गोविन्दराज पौडेल | जैदी ८ | ९८४७७३५५७५ |
| ५ | हटिया | कुलराज पौड्याल | खानीगाउँ,पर्वत | ९८४७६२४९२४ |
| ६ | मल्म | महेन्द्र पौडेल | अमलाचौर १ | ९८४५०५६५५० |
| ७ | बाटाकाचौर | तमबहादुर खत्री | सल्यान | ९७५६७००५२६ |
| ८ | धुल्लुबास्कोट | हरिप्रसाद शर्मा | पैयुथन्थाप ५ | ९८४७६२२७१२ |
| ९ | छिस्ती | चिरञ्जिवी शर्मा | छिस्ती २ | ९८५७६२२२८७ |
| १० | राङखानी | जैदीले हेरेको | | |
| ११ | पैयुथन्थाप | दिलबहादुर थापा | पैयुथन्थाप २ | ९८४७६३४२५१ |
| १२ | नारायणस्थान | नवराज शर्मा | पैयुपाता १ | ९८४७६२२८०९ |
| १३ | कुश्मीशेरा | दुर्गाप्रसाद शर्मा | कुश्मीशेरा ९ | ९८५७६२१४९४ |
| १४ | जैदी | दिनानाथ गौतम | रायडाँडा | ९८४६६१०४९५ |
| १५ | सुखौरा | विजय नारायण पाण्डे | रुपन्देही | ९८४७७२५९२८ |
| १६ | सल्यान | बाटाकाचौरले हेरेको | | |
| १७ | विनामारे | ईश्वरीप्रसाद आचार्य | राङखानी ७ | ९८४७७२८५३५ |
| १८ | अर्जेवा | कलादेवी शर्मा | जैदी १ | ९८५७६२३१७८ |
| १९ | सर्कुवा | विनामारेले हेरेको | | |
| २० | काडेवास | आनन्दप्रसाद शर्मा | भकुण्डे ६ | ९८५७६२८३४८ |

क्षेत्र नं. ३

| सि.नं. | गाविसको नाम | सचिवको नाम | स्थायी ठेगाना | सम्पर्क फोन नं. |
|---|---|---|---|---|
| १ | बुर्तिवाङ | खुंगाको सचिवले हेरेको | | |
| २ | खुंगा | विष्णु प्रसाद शर्मा | पैयुथन्थाप ५ | ९८४५५४४८३८ |
| ३ | अधिकारीचौर | कमल प्रसाद कँडेल | विहुँ | ९८५७६३८९०० |
| ४ | निसी | नारायण पौडेल | रायडाँडा १ | ९८५११७४७८१ |
| ५ | वोहरागाउं | देविस्थानले हेरेको | | |
| ६ | दर्लिङ | रणसिंकिटेनीले हेरेको | | |
| ७ | भिमगिठे | सुरजकुमार मलेपती | बा.न.पा. ३ | ९८४६०६६९६४ |
| ८ | देविस्थान | दिपक शर्मा | बा.न.पा. ११ | ९८४७६३४२९१ |
| ९ | बोवाङ | हिमलाल सापकोटा | बा.न.पा. ४ | ९८४७६३५०८३ |
| १० | जलजला | थम्मनवहादुर रेश्मी | जलजला | ९७५६७०१०४६/९८५७६२२४८० |
| ११ | ग्वालिचौर | सुनिता पुन | हरिचौर | ९८४७७४२९५५ |
| १२ | दगातुन्डाँडा | गिता पौडेल | नवलपरासी | ९८४७४६२५१८ |
| १३ | बोड्गादोभान | कमल प्रसाद भुर्तेल | | ९८६०७१९५८७ |
| १४ | रिघा | कर्मप्रसाद गौतम | बा.न.पा. ६ | ९८४७६३३०८२ |
| १५ | पाण्डवखानी | अर्गलले हेरेको | | |
| १६ | सिसाखानी | विरवहादुर थापा | भकुण्डे | ९८४७६३८५७२ |
| १७ | रणसिंहकिटेनी | तारानाथ शर्मा | वानपा ३ | ९८४७६३२२४५ |
| १८ | राजकुत | रणसिंकिटेनीले हेरेको | बुर्तिबाङ १ | |
| १९ | खुंखानी | शिव रिजाल | भकुण्डे ६ | ९८४७६२८८५४ |
| २० | तमान | खुंखानीले हेरेको | | |

घ) आपतकालिन अवस्थामा:(एम्वुलेन्स, ब्लड वैक, दमकल, शव वाहन)

| सि. नं | सम्पर्क ब्यक्तिको नाम थर | संस्था वा कार्यालय | मोवाइल नं. | सेवा प्रकार | टेलिफोन नं. |
|---|---|---|---|---|---|
| १ | बुर्तिवाङ स्वास्थ्य केन्द्र | बुर्तिवाङ स्वास्थ्य केन्द्र बुर्तिवाङ | ९८५६०२३४८० | एम्बुलेन्स | |
| २ | तेज वहादुर नेपाली | बागलुङ नगर पालिका | ९८५७६२०५१७ | दमकल | ५२०१९९ |
| ३ | जब्बर वहादुर लामिछाने | रेडक्रस | ९८५७६००९४८ | ब्लड बैक | |

ङ) **अत्यन्त जरुरी फोन नम्वर:**

| **सि.नं.** | **निकाय** | **फोन नं.** |
|---|---|---|
| १ | प्रहरी कन्ट्रोल | १०० |
| २ | जिल्ला प्रहरी कार्याल | ०६८५२०१९९ |
| ३ | नगर प्रहरी कार्यालय | ०६८ |
| ४ | जिल्ला प्रशासन कार्यालय | ०६८५२०२३३ |
| ५ | ट्राफिक प्रहरी कार्यालय | ०६८५२०३९९ |
| ६ | दमकल वारुण यन्त्र | ०६८५२०१९९ |
| ७ | विद्युत फ्युज सेवा | ०६८५२०२२० |
| ८ | जिल्ला आपतकालिन सेवा कार्य संचालन केन्द्र | ०६८५२०२३३ |

**१.४ विभिन्न वैठकका निर्णयहरु:**

यस बागलुङ जिल्लामा ०६६/६७ देखी जिल्ला दैवी प्रकोप उद्धार समितिले स्थानिय गैससहरुको सहकार्य एबं प्राविधिक र आर्थिक सहयोगमा “विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना” तयार गर्दै आईरहेको छ। जिल्ला दैवी प्रकोप तथा उद्धार समितिको वैठकमा DPRP पनुरावलोकन वारे छलफल हुनुका साथै क्षेत्रगत वैठक गरि आवश्यक सूचनाहरु संकलन गर्दै पुनरावलोकन कार्यशालाको आयोजना समेत गरि तयार भएको DPRP लाई DDRC वैठकवाट स्विकृत गरि जि.वि.स. बाट अनुमोदन गराउने कार्य भैरहेको छ।

**१.५ विपद्का समयमा राहत सहयोग प्रदान गर्ने मापदण्ड:**

विपद्का समयमा प्रभावित क्षेत्रमा आपतकालिन राहत सहयोग पुर्याउनका लागि **नेपाल सरकारले तोकेको निर्देशन** वमोजिम राहत सहयोग प्रदान गरिनेछ र जिल्ला दैवी प्रकोप उद्धार समितिले जिल्लाको श्रोतको अवस्था र स्फेयर मापदण्डलाई समेत मध्यनजर गरि DDRCको वैठको निर्णयवाट पनि आवश्यक राहत सहयोगको मापदण्ड समेत तोक्नेछ ।

क) आपतकालिन राहत

विपद्का समयमा घरछोडी अन्यन्त्र गई बसेको अबस्था वा आफ्नै घरमा पनि खाद्य तथा गैरखाद्य बस्तुको क्षति भई तत्काल खान र बासको कुनै ब्यबस्था नभएको अबस्थामा वा आफ्नो घरमा फर्कि नसक्दा सम्मका लागि मानबिय राहत उपलब्ध गराईने छ।

ख) आंशिक क्षति

१. घरभित्र ३ फिट उचाई सम्म वाढी पसेर खाद्यान्न तथा गैर खाद्यान्न सवै वगेको र घरमा तत्काल अवस्थामा बस्न योग्य नरहेको अवस्था र पछि फर्कि बस्नसक्ने ।

२. घर तथा गोठ लाई २५ प्रतिशत मर्मत गर्नु पर्ने देखिएको।

३. खेति गरिएको जग्गा का २५ प्रतिसत सम्म कटान, पटान वा वाली नष्ट देखिएको।

ग) पूर्ण क्षति

१. घरमा वाढी पसेर घर तथा गोठ पुर्ण रुपले नष्ट भएको।

२ कटान वा पटान ले गर्दा ५ कट्टा सम्म मात्र जग्गा वांकी रहेको अवस्था।

घ) विस्थापति तथा पुर्नस्थापना स्तरको क्षति

१. जग्गा घर सवै वगाएको वा पूर्ण रुपमा वगर वा नदी मा परिणत भएको अवस्था।

ङ) मानविय क्षति

१. विपद्का कारण मानव को अवस्था वेपता वा पत्ता नलागेको तथा मानविय क्षति भएको

२. विपद्का कारण मानबको अंगभंग भएको वा अपाङ्गता भएको वा क्षतिका कारण मानसिक अपाङ्गता भएको

# परिच्छेद २
# परिस्थिति तथा जोखीम विश्लेषण

## २.१ बागलुङ जिल्लाको प्रकोप जोखीम विश्लेषण:

बागलुङ जिल्लमा विषेश गरी बाढी पहिरो आगलागी असिना चट्याङ हुरी वतास माहामारी जन्ता प्रकोप रहेको जिल्ला दैवी प्रकोप उद्धार समितिको पहिलो बैठकमा छलफल गरिएको थियो ।उक्त प्रकोपहरुमा जोडी स्तरिकरण गरी तुलना गर्दा पहिरोको प्रकोप पहिलो स्थानमा रहेको छ । भने आगोलागी दोश्रो स्थानमा रहेको छ । त्यसैगरी बाढी हुरीवतास असिना चट्याङ र माहामारी त्यसपछिको प्रकोपहरुमा पर्दछन् । यस जिल्लाको शहरीकरणको तिव्र विकास, भूकम्प प्रतिरोधी घरहरुको निर्माण नहुनु भूकम्पिय जोखिम सम्बन्धि जनचेतनाको कमीले आदी र विगतको महाभुकम्पबाट भएको क्षतिको विश्लेषण गर्दा भूकम्प प्रतिकार्य योजना अनिवार्य रुपमा गर्नु पर्ने देखिन्छ । प्रकोप स्तरिकरणको तालिका र विभिन्न प्रकारका प्रकोपले प्रभावित हुन सक्ने क्षतिको विवरण निम्न अनुसार रहेको देखाइएको छ ।

## २.२ बागलुङ जिल्लाको प्रकोपको स्तरिकरण

| प्रकोप | आगोलागि | पहिरो | असिना | चट्याङ | वाढी | हुरी वतास | महामारी |
|---|---|---|---|---|---|---|---|
| ओगोलागि | X | पहिरो | आगलागि | आगोलागि | आगोलागि | आगोलागि | आगोलागि |
| पहिरो | X | X | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो |
| असिना | X | X | X | असिना | वाढी | हुरीवतास | असिना |
| चट्याङ | X | X | X | X | वाढी | हुरी वतास | चट्याङ |
| वाढी | X | X | X | X | X | वाढी | वाढी |
| हुरी वतास | X | X | X | X | X | X | हुरी वतास |
| महामारी | X | X | X | X | X | X | X |
| जम्मा अंक | ५ | ६ | २ | १ | ४ | ३ | ० |

## २.३ जिल्लाको संकतासन्नता

गा.वि.स सचिवहरुले पठाएको विवरण, जिल्ला प्रशासन कार्यालय र नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा कार्यालय बागलुङको राहत वितरण रेकर्ड र विगतको प्रकोपको आधारमा गा.वि.स. अनुसार प्रकोपको दृष्टीले उच्च, मध्यम, तथा निम्न स्तरमा गहेका गाविसहरुको विवरण तल उल्लेख गरिएको छ ।

| गाविस/नपा | सम्भावित प्रकोपको प्रकार (१ निम्न ५ उच्च) | | | | | | | | विपदको प्रभाव(मृतक संख्या वा विस्थापित संख्या) | संकटासन्नताको स्तर (निम्न मध्यम र उच्च) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बाढी | पहिरो | आगलागि | महामारी | भूकम्प | असिना | हुरी बतास | चट्याङ | | | |
| बानपा | १ | ४ | ३ | ३ | ४ | १ | १ | २ | ६३० जनसंख्या, देउराली चोकको २० घरधुरी, मोटरबाटो, खेतीयोग्य जमिन क्षति हुन सक्ने | उच्च | |
| मालिका | ० | ३ | १ | १ | १ | २ | २ | २ | ३४६ जना मानिसहरु प्रभावित हुन सक्ने | मध्म | |
| भकुण्डे | १ | ४ | ३ | १ | १ | २ | २ | ३ | करीव १४६५ जनसंख्या ६७५ रोपनी जमिन नष्ट हुन सक्ने | उच्च | |
| रायडाँडा | २ | ४ | ४ | १ | २ | १ | २ | २ | १६०० जनसंख्या, १ झुलुङ्गे पुल,१० घर अतिजोखिममा र वस्तीमा क्षति पुग्न सक्ने | उच्च | |
| तित्याङ | २ | ४ | ३ | १ | १ | १ | ३ | २ | ५४२ जनसंख्या ५७० रोपनी खेतीबारी नष्ट हुने | मध्यम | |
| पाला | २ | ४ | ४ | १ | २ | २ | २ | २ | १०२६ जनसंख्या घर र खेतीयोग्य जमिन क्षति हुने | उच्च | |
| भिमपोखरा | ४ | ४ | ३ | १ | १ | २ | १ | १ | ४४८ जनसंख्या, मोटरबाटो खेतीपति र सिचाइमा क्षति पुग्न सक्ने | उच्च | |
| धम्जा | १ | ४ | १ | १ | १ | ३ | २ | २ | २३९ जनसंख्या पहिरो ४७ धुरी र २७० रोपनी जति खेतियोग्य जमिन नष्ट हुन सक्ने | मध्यम | |
| सिगाना | १ | ५ | २ | १ | १ | २ | २ | २ | ५१० जनसंख्या, प्रभावित हुन सक्ने कुलो विद्युत पोल विद्यालय क्षति हुन सक्ने | उच्च | |
| रेश | १ | ३ | ३ | १ | १ | ३ | २ | २ | ४९२ जनसंख्या मोटरबाटो विद्युतमा क्षति पुग्न सक्ने | उच्च | |
| लेखानी | १ | २ | २ | १ | १ | १ | १ | १ | १२० जनसंख्या र खेतीपाती क्षति | निम्न | |
| विहुँ | | | | | | | | | | | |
| तंग्राम | | | | | | | | | | | |
| दुदिलाभाटी | | | | | | | | | | | |
| नरेठाँटी | १ | ३ | २ | १ | १ | १ | २ | २ | ३७० जनसंख्या प्रभावित हुन सक्ने, १ विद्यालय, सामुदायिक भवन र सिंचाई कुलो क्षति हुन सक्ने | मध्यम | |
| हिल | २ | ४ | ३ | १ | १ | ४ | २ | २ | ५७५ जनसंख्या, १०० रोपनी खेती ६५० जना विद्यार्थी एक विद्यालयमा क्षति हुन सक्ने | उच्च | |
| तारा | २ | ५ | ३ | १ | १ | २ | २ | २ | १२३० जनसंख्या ढुङ्गाखानीको पहिरोबाट ११० घर जोखिममा | उच्च | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | कृषि कार्यालयको सेवा केन्द्रमा बजारमा क्षति हुने | | |
| अर्गल | १ | ३ | ३ | १ | १ | १ | २ | २ | ६१ जनसंख्या १२ घर अति जोखिममा यात्रु प्रतिक्षालय अर्गल मा.वि.मा क्षति पुग्न सक्ने | मध्यम | |
| अमरभूमि | २ | ४ | २ | १ | १ | ३ | २ | २ | ५४० जनसंख्या १०८ घरधुरी ११५ रोपनी जग्गा १ विद्यालय र २५० विद्यार्थी | उच्च | |
| हरिचौर | २ | ३ | २ | १ | १ | १ | २ | १ | ११४ जनसंख्या मोटरबाटो विद्यालयमा क्षति हुन सक्ने | मध्यम | |
| नारायणस्थान | ४ | ४ | १ | १ | १ | १ | १ | १ | ८६० जनसंख्या एक विद्यालय भवन र कुलोमा क्षति हुन सक्ने | उच्च | |
| पैयूपाटा | २ | ३ | २ | १ | १ | २ | २ | २ | ८३७ जना प्रभावित भूक्ष्य नदी कटानले खेतवारी क्षती | मध्यम | |
| अमलाचौर | ३ | ४ | १ | १ | १ | १ | ३ | १ | ५७५ जना व्यक्ति कच्ची सडक खेतीयोग्य जमिन र वितमा हावाहुरीबाट २० घरमा क्षति | उच्च | |
| कुश्मीशेरा | १ | ४ | २ | १ | १ | २ | २ | २ | १६५ जनसंख्या झोलङ्गेपुल र सडकमा क्षति | मध्यम | |
| विनामारे | | | | | | | | | | | |
| अर्जेवा | १ | ३ | १ | १ | १ | १ | १ | १ | ५० रोपनी खेतमा क्षति पुग्न सक्ने | निम्न | |
| जैदी | ३ | ४ | २ | १ | १ | २ | २ | २ | २९५० जनसंख्या १६ घरको वस्तीमा अति जोखिममा, खेतीपाती मा क्षति हुन सक्ने | उच्च | |
| छिस्ती | ४ | ४ | २ | १ | १ | २ | २ | २ | ५७४ जनसंख्या २ वटा विद्यालय १५ हेक्टर जमिन सिचाइ कुलो क्षति हुन सक्ने र विगतमा पनि वाढी पहिरोले धेरै क्षति हुन गरेको | उच्च | |
| धुल्लुवास्कोट | २ | ४ | ३ | १ | १ | १ | २ | २ | १३५९ जनसंख्या १ विद्यालय भवन १ पावर हाउसमा क्षति हुन सक्ने | उच्च | |
| सर्कुवा | ३ | ४ | ३ | १ | १ | २ | २ | २ | ५४ जना , ५५० बालबालिका जनता उच्च मा.वि. पहिरोले लान सक्ने विगतमा चट्टयाङ, आगलागिबाट क्षति | उच्च | |
| दमेक | २ | ४ | २ | १ | १ | १ | २ | ३ | २९११ जनसंख्या, १ विद्यालय र सिंचाई कुलोमा क्षति पुग्न सक्ने | उच्च | |
| पैयूथन्थाप | | | | | | | | | | | |
| राङखानी | | | | | | | | | | | |
| हुग्दीशिर | २ | ३ | ३ | १ | १ | १ | ३ | २ | ७४१ जनसंख्या र वस्ती विस्थापित हुन सक्ने र झुलुङ्गे पुलमा क्षति | मध्यम | |
| बाटाकाचौर | | | | | | | | | | | |
| सल्यान | | | | | | | | | | | |
| सुखौरा | | | | | | | | | | | |
| काँडेवास | १ | २ | २ | १ | १ | १ | १ | १ | १०० जनसंख्या र खानेपानीमा क्षति हुन सक्ने | निम्न | |
| मल्म | १ | ३ | १ | १ | १ | १ | २ | १ | ११५ जनसंख्या झुलुङ्गे पुल र खेतीपातीमा क्षति | निम्न | |
| हटिया | | | | | | | | | | | |
| रणसिंहकिटेनी | ४ | ४ | २ | १ | १ | १ | २ | २ | २०५० जनसंख्या माध्यामिक विद्यालय र खेतीयोग्य जमिन बगाउन सक्ने | उच्च | |
| सिसाखानी | ३ | ३ | १ | १ | १ | १ | १ | १ | १७१० जना मानिस प्रभावित हुन सक्ने १ विद्यालय भवन क्षति हुन सक्ने | मध्यम | |
| पाण्डवखानी | ४ | ४ | २ | २ | १ | १ | २ | २ | गा.वि.स. भवन स्वास्थ्य चौकी विद्युत गृह झोलुङ्गे पुल विद्यलाय भवनमा क्षति हुन सक्ने | उच्च | |
| रिघा | १ | २ | २ | १ | १ | १ | २ | १ | १०५ जनसंख्या र खेतीपातीमा क्षति | निम्न | |
| राजकुट | ४ | ४ | २ | १ | १ | ३ | १ | २ | ८७१ जनसंख्या, राजकुट मा.वि.मा क्षति हुन सक्ने | उच्च | |
| बुर्तिवाङ | २ | २ | १ | १ | १ | १ | २ | १ | १०२ जना खेतीयोग्य जमिन मोटरबाटोमा क्षती पुग्न सक्ने | मध्यम | |
| अधिकारीचौर | | | | | | | | | | | |
| बोवाङ | | | | | | | | | | | |
| दर्लिङ | २ | ४ | ४ | १ | १ | १ | २ | २ | ३८०० जनसंख्या प्रभावित हुन सक्ने विगतमा आगलागिका भई क्षति भएको | उच्च | |
| भिमगिठे | २ | ४ | २ | १ | १ | २ | २ | २ | ३१७ जना जनसंख्या जनक निमावि वागलुङ्ग बुर्तिवाङ मोटरबाटो क्षति हुन सक्ने | उच्च | |
| ग्वालीचौर | | ५ | | | | | | | १७४ जनसंख्या प्रभावित हुन सक्ने | उच्च | |
| दगान्तुडाँडा | २ | ४ | ४ | १ | २ | २ | २ | २ | १५० जनसंख्या र खेतीयोग्य जमिन क्षति हुन सक्ने | उच्च | |
| जलजला | २ | २ | २ | १ | १ | १ | १ | १ | ३५ जन जनसंख्या प्रभावित हुन सक्ने | निम्न | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| खुखानी | १ | ३ | २ | १ | २ | २ | २ | १ | १२६जनसंख्या घरहरु र खेतीयोग्य जमिन क्षति हुन सक्ने | मध्यम | |
| तमान | २ | २ | १ | १ | १ | १ | १ | १ | वडा नं. १ ३ ६ मा ४५ घर परिवार प्रभावित हुन सक्ने | निम्न | |
| बोङ्गादोभान | ४ | ४ | १ | १ | १ | १ | २ | २ | ४६० जनसंख्या ३० घर जनता प्रा.वि. विद्युत कुलोको मुहान र पावरहाउस क्षति पुग्न सक्ने | उच्च | |
| खुंगा | ३ | ४ | ३ | १ | १ | २ | २ | २ | १२७७ जनसंख्या र घिरी प्रा.वि.लाई क्षति हुन सक्ने | उच्च | |
| निसी | | | | | | | | | | | |
| देविस्थान | २ | ४ | ४ | १ | १ | २ | २ | २ | विगतमा ३ जनाको पहिरोबाट मृत्यु र विद्यालय घरहरु आगलागिका घटनाहरु हुने गरेको | उच्च | |
| बोहोरागाउँ | २ | ३ | ३ | १ | १ | १ | २ | २ | ३७ जनसंख्या ८५ रोपनी जग्गा क्षति हुन सक्ने | मध्यम | |

## २.४ पहिरो

बागलुङ जिल्लाको भौगोलिक बनावटलाई हेर्ने हो भने अधिकाश भूभाग पाहाड तथा भिरालो प्रकारको छ । जसले गर्दा बर्षा यामको समयमा अधिकांश गाविसहरुमा पहिरो जाने गरेको छ । वर्षेनी पहिरोको कारणले धनजनको क्षति गर्ने गरेको विगतको अनुभवहरुले पुष्टी गर्दछ । वि.स २०६४ सालमा ग्वालिचौरमा गएको पहिरोमा परी २९ जनाको ज्यान जानु र करीव ३ करोड वरावरको धनमाल नोक्सान हुनु पहिरो प्रभावित जिल्लाको रुपमा एक उदाहरण हो । दैवी प्रकोप उद्धार समितिको विपद पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गर्ने सिलसिलामा प्रकोपको स्तरीकरण गर्दा पहिरोको प्रकोप एक नम्वरमा परेको छ । गाविस सचिवहरुले दिएको तथ्यांक तथा जिल्ला प्रशासन कार्यालयमा दैवी प्रकोपको लागि वितरण गरिएको राहतको रेकर्ड अनुसार तल उल्लेखित गाविसहरु पहिरोको उच्च जोखिममा रहेको पाइन्छ । पहिरोको प्रकोपबाट अधिकांश गाविसहरु प्रभावित भएको पाइन्छ । गाविस सचिवहरुले दिएको विवरणको आधारमा २८ वटा गाविसहरु उच्च जोखिममा, २४ गाविसहरु मध्यम जोखिममा र ८ वटा गाविसहरु निम्न जोखिममा रहेका छन् । जुन तलको तालिकामा देखाइएको छ ।

| सि.नं. | उच्च जाखिम | सि.नं. | मध्यम जोखिम | सि.नं. | निम्न जोखिम | पहिरोबाट हुन सक्ने अनुमानित क्षतिको विवरण |
|---|---|---|---|---|---|---|
| १ | **दुधिलाभाटी** | १ | **अधिकारीचौर** | १ | **नारायणस्थान** | **पहिरोको कारण विभिन्न गा.वि.स.हरुमा गरी अं. ३० हजार जनसंख्या प्रभावित हुन सक्ने छ भने ३५०० देखि ४००० घरधुरी सम्ममा क्षति हुन सक्ने छ भने १५ वटा विद्यालय भवनहरुमा समेत क्षति पुग्ने देखिन्छ ।** |
| २ | **विहुँ** | २ | **देविस्थान** | २ | **लेखानी** | |
| ३ | **तंग्राम** | ३ | **बोवाङ** | ३ | **कांडेबास** | |
| ४ | **भकुण्डे** | ४ | **पैयुथन्थाप** | ४ | **मल्म** | |
| ५ | **रायडांडा** | ५ | **हटिया** | ५ | **रिघा** | |
| ६ | **पाला** | ६ | **राङखानी** | ६ | **तमान** | |
| ७ | **भिमपोखरा** | ७ | **विनामारे** | ७ | **जलजला** | |
| ८ | **सिंगाना** | ८ | **बाटाकाचौर** | ८ | **अर्जेवा** | |
| ९ | **रेश** | ९ | **दर्लिङ** | | | |
| १० | **हिल** | १० | **सुखौरा** | | | |
| ११ | **तारा** | ११ | **सल्यान** | | | |
| १२ | **अमलाचौर** | १२ | **मालिका** | | | |
| १३ | **जैदी** | १३ | **तित्याङ** | | | |
| १४ | **धुल्लुबास्कोट** | १४ | **धम्जा** | | | |
| १५ | **पाण्डवखानी** | १५ | **नरेठांटी** | | | |
| १६ | **राजकुट** | १६ | **अर्गल** | | | |
| १७ | **दगान्तुडांडा** | १७ | **हरिचौर** | | | |
| १८ | **खुंगा** | १८ | **कुश्मीशेरा** | | | |
| १९ | **छिस्ती** | १९ | **हुग्दीशिर** | | | |
| २० | **सर्कुवा** | २० | **पैयूपाटा** | | | |
| २१ | **दमेक** | २१ | **सिसाखानी** | | | |
| २२ | **रणसिंकिटेनी** | २२ | **खुंखानी** | | | |
| २३ | **भिमगिठे** | २३ | **बोहरागाउं** | | | |
| २४ | **ग्वालीचौर** | २४ | **बुर्तिवाङ** | | | |
| २५ | **बोंगादोभान** | | | | | |
| २६ | **वागलुङ नगरपालिका** | | | | | |
| २७ | **निसी** | | | | | |
| २८ | **अमरभूमि** | | | | | |

**संभंभावित परिदृश्य :**

गाविस सचिवहरुले दिएको विवरणको आधारमा पहिरोको प्रकोपको कारणले विभिन्न गाविसहरुमा गरी जम्मा २७,९७७ जनसंख्या प्रभावित हुने संभाावना रहेको छ । साथै पहिरोको प्रकोपबाट ३,५०० देखि चार हजार सम्म घरमा क्षति पुग्न सक्ने, ५ वर्ष मुनिका वालवालिकाहरु ३,४४३ जना, ६ देखि १८ वर्ष सम्मका वालवालिकाहरु ७,३१७ जना, ६० वर्षभन्दा माथिका वृद्धवृद्धाहरु ३,६९९ जना, गर्भवती महिलाहरु ७६५ जना, सुत्केरी महिलाहरु १,४०४ जना, अपांग व्यक्तिहरु ५०९ दलित ४,५१५ जना र अति गरीवहरु ६,८९८ जनालाई प्रत्यक्ष प्रभाव पर्ने देखिन्छ । पहिरोको जोखिममा रहेका झण्डै २० विद्यालयहरु पहिरोको कारण पूर्ण तथा आंशिक रुपमा भत्किएर करीव ९,७५० जना विद्यार्थीहरुको पठनपाठनमा वाधा पुग्न जानेछ । पहिरोका कारण ५ वटा झोलुंगे पुलहरु,

मोटर बाटोहरु भत्किन गई सहज आवागमनमा वाधा पुरयाउने संभावना देखिन्छ । खनेपानीका पाइपहरु बगाएर खानेपानी सेवा अवरुद्ध हुने र विद्युत लाइनहरुमा पनि क्षति पुग्न सक्ने देखिन्छ । त्यस्तै सिंचाई कुलोहरु , यात्रु प्रतिक्षालयहरु, खेतीयोग्य जमिन र जमिनमा लगाइएका अन्नवालीहरुमा पनि क्षति हुन सक्ने संभावना छ ।

**मान्यता योजेजना**

पहिरो एकैपटक सवै ठाउंमा जाने गर्दैन । त्यसकारण पहिरो गै सकेपछि तल उल्लेखित प्रतिकार्यका कार्यहरु प्रभावकारी रुपमा सम्पन्न गर्न योजना तयार गरिएको छ । पहिरो गएको ठाउंको भरपर्दो माध्यमबाट जानकारी लिने । पहिरो गएको ठाउंमा उद्धार तथा राहतको लागि तुरुन्तै नेपाली सेना, नेपाल प्रहरी र नेपाल रेडक्रस सोसाइटीको उद्धार टोली घटनास्थलमा पठाउने । उद्धार टोलीको सुचनाको आधारमा यदि ठुलो नै पहिरो गएर धेरै जनसंख्या प्रभावित भएको छ भने तुरुन्तै बहुक्षेत्रगत द्रुत लेखाजोखा टोली घटनास्थलमा पठाई विस्तृत सुचना संकलन गर्ने । सुचना संकलनको आधारमा विषयगत क्षेत्र अगुवाहरुले राहत तथा उद्धार सम्वन्धि कार्य शुरुवात गर्ने । नेपाल रेडक्रस सोसाइटीले अस्थायी रुपमा बसोवास मिलाउनकोलगि कार्य गर्ने साथै प्रभावितहरुको लागि अस्थायी टहराहरु, वा सुरक्षित आश्रयस्थलमा राख्ने व्यवस्था मिलाउने । आवश्यक पर्ने त्रिपालहरु, डोरी, प्लाष्टिकका वाल्टिन, जग , प्लाष्टिकको म्याट, कम्वल साथै , चिउरा, दालमोठ, विस्कुट, भुजिया, चामल, दाल, नुन, चिनी आदिको वितरण गर्ने । जिल्ला जनस्वास्थ्यले आवश्यक पर्ने औषधीहरुको वितरण गर्ने । सुत्केरी महिला, गर्भवती महिलाहरुको लागि आवश्यक औषधी, सरसफाई तथा मातृशिशु सेवा उपलव्ध गराउने, झाडापखाला तथा अन्य माहामारी फैलिन नदिन खोप सेवा तथा आवश्यक औषधीहरु वितरण गर्ने । स्वास्थ्य टोली खटाउने । बालवालिकाहरुको लागि पोषणयूक्त खानाको व्यवस्था गर्ने । खानेपानी कार्यालयले स्वच्छ खानेपानी उपलव्ध गराउनका लागि पानी शुध्द गर्ने वाटर गार्ड वितरण गर्ने साथै स्वच्छ पानी सम्वन्धि जनचेतना जगाउने । जिल्ला शिक्षा कार्यालयले वैकल्पिक विद्यालयको खोजी गरी वा अस्थायी रुपमा विद्यालय भवन निर्माण गरी वालवालिकाहरुको पठनपाठन सुचारु गर्ने । विद्यार्थीहरुलाई तत्कालको लागि किताव, कापी, पेन्सिल तथा अन्य शैक्षिक सामाग्रीहरु उपलव्ध गराउने । विद्यालयको अन्य अतिरिक्त क्रियाकलापहरु गर्ने र साथै खेलकुदका सामानहरु पनि वितरण गर्ने ।

## २.५ खोलाहरुवाट प्रभावीत क्षेत्रः

| सि.नं. | खोला | प्रभावित क्षेत्र | वस्ती | असर क्षेत्र |
|---|---|---|---|---|
| १ | कालिण्डकी | बा.न.पा. १० ढोडेनी | ७ घरधुरी | नदीको दायाँ तटमा अवस्थित वस्ती एवं कृषियोग्य भूमि नदी कटानबाट प्रभावित |
| २ | कालिण्डकी | बा.न.पा. १ मालढुंगा | १५ घरधुरी | नदीको दायाँ तटमा अवस्थित वस्ती एवं कृषियोग्य भूमि नदी कटानबाट प्रभावित |
| ३ | कालिण्डकी | अर्जेवा गा.वि.स. | अर्जेवा गा.वि.स. १ र २ | नदीको दायाँ तटमा अवस्थित वस्ती एवं कृषियोग्य भूमि नदी कटानबाट प्रभावित |
| ४ | कालिण्डकी | भकुण्डे-९ दब्लाङ | १२ घरधुरी | नदीको दायाँ तटमा अवस्थित वस्ती एवं कृषियोग्य भूमि नदी कटानबाट प्रभावित |
| ५ | बडीगाड | बुर्तिबाङ गा.वि.स. | बुर्तिबाङ बजार | नदीको बायाँ तटमा अवस्थित वस्ती एवं कृषियोग्य भूमि नदी कटानबाट प्रभावित |
| ६ | बडीगाड | भिडगिठे गा.वि.स. | भिडगिठे बजार, खाल बजार | नदीको बायाँ तटमा अवस्थित वस्ती एवं कृषियोग्य भूमि नदी कटानबाट प्रभावित |
| ७ | बडीगाड | ग्वालीचौर गा.वि.स. | खार बजार | नदीको बायाँ तटमा अवस्थित वस्ती एवं कृषियोग्य भूमि नदी कटानबाट प्रभावित |
| ८ | बडीगाड | दगातुन्डाँडा गा.वि.स. | खरबाङ बजार | नदीको बायाँ तटमा अवस्थित वस्ती एवं कृषियोग्य भूमि नदी कटानबाट प्रभावित |
| ९ | दरमखोला | हरिचौर गा.वि.स. | बसाह फाँट | नदीको दायाँ तटमा अवस्थित कृषियोग्य भूमि नदी कटानबाट प्रभावित |
| १० | दरमखोला | मल्म गा.वि.स. | मल्म-५ | नदीको दायाँ तटमा अवस्थित कृषियोग्य भूमि नदी कटानबाट प्रभावित |
| ११ | दरमखोला | रिघा गा.वि.स. | रिघा-६ | नदीको दायाँ तटमा अवस्थित कृषियोग्य भूमि नदी कटानबाट प्रभावित |
| १२ | निसीखोला | निसी गा.वि.स. | निसी १,३,४ र ५ | नदीको दुवै तटमा अवस्थित कृषियोग्य भूमि नदी कटानबाट प्रभावित |
| १३ | निसीखोला | बोहोरा गाउँ गा.वि.स. | निसी ७, ९, २ र ८ | नदीको दुवै तटमा अवस्थित कृषियोग्य भूमि नदी कटानबाट प्रभावित |
| १४ | बोङ्गखानी खोला | बोङ्गादोभान गा.वि.स. | बोङ्गाखानी, बोङ्गादोभान बजार | बस्ती र कुषियोग्य भूमि नदी कटानबाट प्रभावित |
| १५ | सेउला खोला | बोङ्गादोभान गा.वि.स. | पातिचौर, बोङ्गादोभान-३ | बस्ती र कुषियोग्य भूमि नदी कटानबाट प्रभावित |
| १६ | तमान खोला | तमान गा.वि.स. | तमान-३, ६ | बस्ती, विद्यालय र कुषियोग्य भूमि नदी कटानबाट प्रभावित |
| १७ | उत्तर गंगा | बोवाङ र अधिकारीचौर गा.वि.स. | बोवाङ ९,अधिकारीचौर ५ | बस्ती र कुषियोग्य भूमि नदी कटानबाट प्रभावित |
| १८ | भिडगाड | भिडगिठे गा.वि.स. | भिडगिठे बजार, खाल बजार | बस्ती र कुषियोग्य भूमि नदी कटानबाट प्रभावित |
| १९<br>२० | काठेखोला<br>गौदी खोला | विहुँ, सिगाना, तित्याङ, भकुण्डे, पाला गा.वि.स. र बा.न.पा. | नदीको दुवै तटमा अवस्थित स्थानहरु | बस्ती र कुषियोग्य भूमि नदी कटानबाट प्रभावित |
| | | हटिया गा.वि.स. | हटिया बजार | बस्ती, विद्यालय र कुषियोग्य भूमि नदी कटानबाट प्रभावित |
| २१ | चुपी खोला | नरेठाँटी- १,४,६ र ९ | नरेठाँटी बजार | बस्ती, विद्यालय र कुषियोग्य भूमि नदी कटानबाट प्रभावित |
| २२ | ठेउले खोला | सर्कुवा गा.वि.स. | सर्कुवा १,२ र ६ | बस्ती, विद्यालय र कुषियोग्य भूमि नदी कटानबाट प्रभावित |
| २३ | ठेउले खोला | पैयुथन्थाप गा.वि.स. | पैयुथन्थाप -५ | बस्ती र कुषियोग्य भूमि नदी कटानबाट प्रभावित |
| २४ | अन्धेरी खोला | पाण्डवखानी गा.वि.स. | पाण्डवखानी-५ र ८ | बस्ती र कुषियोग्य भूमि नदी कटानबाट प्रभावित |

## परिच्छेद ३
## परिस्थिति तथा योजन तर्जुमा सम्बन्धी पूर्वानुमान

३.१ विपद्को अवस्था र मान्यता योजनाः

जिल्ला स्थित विभिन्न सरकारी एवम गैर सरकारी निकायहरुवीच विभिन्न समयमा भएका औपचारिक तथा अनौपचारिक छलफल पश्चात् जिल्लामा हालसम्म देखिँदै आएका प्रकोपहरु मध्ये पहिरो, आगलागी, महामारी, र भुकम्प आदीको परिस्थितिलाई मध्यनजर गरि जिल्ला दैवी प्रकोप उद्धार समिति बागलुङको आयोजनामा जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना पूनरावलोकन गरिएको छ । योजना निर्माण प्रक्रियामा जिल्ला दैवी प्रकोप उद्धार समिति, जिल्ला स्थित विभिन्न सरकारी एवं गैर सरकारी संघ संस्था, सुरक्षा निकाय, राजनैतिक दल, नेपाल रेडक्रस सोसाईटी, समुदायका प्रतिनिधिहरु र पत्रकारहरुको प्रत्यक्ष सहभागितामा स्फेयर मापदण्डलाई समेत मध्यनजर गरि विभिन्न चरणहरु पूरा गरी एकिकृत तथा सामुहिक रुपमा सम्पन्न गरिएको छ । यसमा विपद्को अवस्था र मान्यता योजना निम्न अनुरुप रहेको छ ।

- पहिरोले वगाउने, मानिसको मृत्युहुन सक्ने, चोटपटक लाग्न सक्ने, घाईते हुन सक्ने ।
- उच्च जोखीममा रहेका (नदि आसपासका) न.पा. ⁄ गा.वि.स.का नदी किनारका वस्तीमा बाढीबाट कटान भई घर खेत वगेर विस्थापित हुने ।
- नदि कटानका साथै डुवान हुदा मानवीय क्षेती हुन सक्ने र बाढी पश्चात महामारीजन्य रोगहरु जस्तै झाडापखाला, टाईफइड, हैजा, भाईरल फिबर आदि फैलिने सक्ने अवस्था । पानीजन्य रोग लाग्ने अवस्था ।
- खेतवारीको खेती वाली, अन्न तथा भण्डारण गरिएको वीउ नस्ट भई अर्को वाली उत्पादनमा वीउको अभाव, लगानीका लागि पुँजिको अभाव भई खाद्य संकट हुन सक्ने । भुमिहिन, साना कृषक र विपन्न समुदाय बढि प्रभावित हुन सक्ने ।
- उर्वरा जमिन पटानीबाट अनुत्पादक हुन सक्ने । पशु, चौपाया र ग्रामिण जिविकोपार्जनमा नोक्सानी हुन सक्ने
- बाढिबाट शहरी तथा ग्रामिण पुर्वाधार संरचना भत्कीन गई तत्कालिन सेवाबाट समुदाय बञ्चित हुन सक्ने । आवातजावतमा अवरुद्ध हुने, सँचार, पुल, सिंचाई, र खानेपानी सरसफाई को अवस्था विग्रन सक्ने ।
- मूख्य सडक, वाटा, पुल क्षती भई आवतजावत गर्न नसक्नु र संचारमा समेत विच्छेद हुनु ।
- गाविस ⁄ नपा स्रतावाट पूर्वतायरीका कार्य हुन नसक्नु र सूरक्षित आश्रयस्थलको अभाव ।
- बाढिका समयमा जिल्लाको टोली प्रभावीत स्थानमा पुग्न २ देखी ३ दिन लाग्नु ।
- महिला, बृद्ध, फरक क्षमता भएका, विपन्न, उपेक्षित, गरीव, भुमिहिन, मुक्त कमैया, हलिया परीवार असरबाट बढि प्रभावित हुने ।
- जलवायु परीवर्तनको कारणले श्रृजित विपदहरुवारे स्थानिय निकाय, समुदायलाई कम जानकारी र चेतना नहुनु ।
- विपदको समयमा जिल्ला विपद व्यवस्थापन समिति र सरकारी, स्थानिय निकायहरुसँग पुर्वतयारी, प्रतिकार्य र मानविय सहायताको लागि पर्याप्त श्रोत र साधन नहुनु ।
- गाविस ⁄ नपा र समुदाय स्तरमा पर्याप्त पुर्वतयारी, प्रतिकार्य र मानविय सहायताको लागि पर्याप्त श्रोत र साधन नहुनु । क्षमता र ज्ञानकोकमि हुनु ।

३.२ निकायगत भूमीका र जिम्मेवारीः

क) जिल्ला विपद् व्यवस्थापन समितिका कार्य-जिम्मेवारीः

विपद्का समयमा प्रतिकार्य गतिविधि :

| सि.नं | निकाय | जिम्मेवार व्यक्ति | जिम्मेवारी |
|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | प्रमुख जिल्ला अधिकारी (अध्यक्ष जि.दै.प्र.उ.स.) | जिल्ला दैवी प्रकोप उद्धार समितिको समन्वय बैठक आयोजना गर्ने<br>▪ जानकारीको सङकलन र परिस्थितिको अद्यावधिक गर्ने<br>▪ सवै क्षेत्रगत कार्य समूह (Cluster) लाई सक्रिय पार्ने<br>▪ कार्यविभाजन गरी सवै क्षेत्रगत कार्यसमूह (Cluster) लाई जिम्मेवारी सुम्पने<br>▪ खोज तथा उद्धार कार्यमा सुरक्षा निकाय समन्वयमा परिचालन गर्ने ।<br>▪ आवश्यकता अनुसार क्षेत्रिय तथा केन्द्रिय स्तरमा सहयोग (मानवीय, |

| | | | |
|---|---|---|---|
| | | | आर्थिक, भौतिक को लागि समन्वय) |
| २ | जिल्ला विकास समिति | स्थानीय विकास अधिकारी | ▪ समन्वयात्मक कार्यमा सहयोग गर्ने<br>▪ आवास तथा पुनःस्थापना कार्य गर्ने<br>▪ स्रोत (आर्थिक, भौतिक, मानविय श्रोत ) परिचालन तथा समन्वय गर्ने |
| ३ | सुरक्षा निकाय (नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी वल ) | प्रमुख तथा प्रतिनिधि | ▪ मुख्यतः खोज तथा उद्धार कार्यको नेतृत्व तथा उद्धारकार्य गर्ने ।<br>▪ सुरक्षा व्यवस्था गर्ने<br>▪ विषयगत समितिमा रहि सहयोग गर्ने |
| ४ | राजनैतिक दलहरू (जिल्ला स्थित सम्पूर्ण राजनैतिक दलहरु) | दलका प्रमुखहरू | ▪ समन्वय<br>▪ स्रोत संकलनमा सहयोग<br>▪ जनपरिचालन गर्ने |
| ५ | नेपाल रेडक्रस सोसाइटी | सभापति | ▪ प्रवन्धकारी भूमिका निर्वाह गर्ने<br>▪ खाद्य गैर खाद्यसामाग्री तथा अस्थायी आवास को व्यवस्थापन<br>▪ सूचना सङ्कलन तथा सर्भेक्षण कार्यमा स्वयंसेवक परिचालन गर्ने<br>▪ प्रकोपको समयमा आपत्कालीन आवास तथा बन्दोबस्ती (Logistic) व्यवस्थापनमा सहयोग गर्ने |
| ६ | विषयगत सरकारी कार्यालयहरु | कार्यालय प्रमुखहरु | ▪ विषयगत समितिमा रहि क्षेत्रगत अगुवा को भूमिका निर्वाह गर्ने<br>▪ सम्बन्धित कार्यालयको आपत्कालिन योजना निर्माण गर्ने |
| ७ | उद्योग वाणिज्य सङ्घ | अध्यक्ष | ▪ सुख्खा तथा तयारी खाना जस्तै, चिउरा, भुजा, विस्कुट आदि, खाद्यसामग्री संकलन वितरण र व्यवस्थापनमा सघाउने |
| ८ | यातायात व्यवसायी संघ | अध्यक्ष | ▪ राहत तथा उद्धार कार्यका लागि यातायातका साधनहरु र जनशक्ति उपलब्ध गराउने । |
| ९ | संचार माध्यम | नेपाल पत्रकार महासंघ, सञ्चारकर्मीहरु | ▪ सहि सूचना संकलन तथा सम्प्रेषण |
| १० | नागरिक समाज | संयोजक | ▪ राहत तथा उद्धार कार्यमा सहयोग तथा समन्वय<br>▪ मानव अधिकारको संरक्षण तथा सम्वर्द्धनमा सहयोग |
| ११ | पेशागत व्यवसायी (निर्माण व्यवसायी, काष्ठ व्यवसायी तथा जल उपभोक्ता महासंघ, समितिहरु, सामुदायीक वन उपभोत्ता महासंघ र समितिहरु) | अध्यक्ष | ▪ राहत, उद्धार तथा संरक्षण कार्यमा सहयोग |
| १२ | गै.स.स.महासंघ, राष्ट्रिय तथा अर्न्तराष्ट्रिय गै.स.स. | प्रमुख तथा प्रतिनिधि | ▪ मानवस्रोत परिचालन गर्ने<br>▪ स्रोत संकलनमा सहयोग गर्ने<br>▪ गै.स.स. वीच समन्वय<br>▪ क्षमता विकास तथा सहजिकरण कार्य गर्ने |
| १३ | जिल्ला अगुवाई सहयोगी सस्था | प्रमुख तथा प्रतिनिधि | ▪ सवै निकायहरुको सहकार्यमा जिल्ला विपद पुर्व तयारी योजना तर्जुमा गर्न सहयोग गर्ने<br>▪ प्रभावकारी प्रतिकार्य पुर्व तयारीका लागि मुख्य सिद्धान्त वा न्यूनतम मापदण्डका वारेमा समन्वय गर्ने । |

| | | | |
|---|---|---|---|
| | | | ▪ विपद पुर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रक्रियमा सवै विषयगत क्षेत्रका अगुवा तथा सदस्य सस्था लगायत अन्य सरोकारवालहरुको सहभागिता सुनिचित गर्ने ।<br>▪ DEOC/DDRC संग समन्वय गरि विपदका सबै चरणका बेला सूचना प्राप्त गर्ने निकायको रुपमा कार्य गर्ने र प्राप्त सूचनाहरु DDRC मा समयमै जानकारि गराउने ।<br>▪ जिल्लामा कार्यरत मानवीय सहायतामा कार्यरत निकायहरुमा सुचना प्रभाह गर्ने ।<br>▪ जिल्लास्तरमा DDMP, DPRP, DRR Policy & Strategy बनाउने कार्यमा DDRCलाई सहयोग पुराउने । |

३.३ आपत्कालीन परिस्थितिको पूर्वतयारी गतिविधि :

| क्र.स. | पूर्वतयारी सम्बन्धी गतिविधि | जिम्मेवार निकाय | समयावधी |
|---|---|---|---|
| १ | **समन्वय बैठकको** आयोजना गर्ने (सवै क्षेत्रको सहभागितामा पूर्वतयारी सम्बन्धी छलफल गर्ने) | जि.दै.प्र.उ.स. | पहिरोः बैशाखको पहिलो हप्ता<br>आगलागीः फागुन पहिलो हप्ता<br>भुकम्पः जुनसुकै समयमा |
| २ | समग्र सूचना सहित म्एच्ए **अध्यावधिक** | जि.दै.प्र.उ.स. | माघ देखी चैत भित्र वार्षिक |
| ३ | अध्यावधिक भएको म्एच्ए **जिल्ला परिषदमा स्विकृत** | जि.दै.प्र.उ.स.<br>जि.वि.स. | फागुन |
| ४ | जिल्ला **आपतकालिन सूचना केन्द्र** स्थापना र परिचालन | जि.दै.प्र.उ.स. (जिल्ला प्रशासन) | नियमित |
| ५ | **समीक्षा बैठकको** आयोजना गरि सिकाई आदान प्रदान र नया योजनामा सुधार । | जि.दै.प्र.उ.स. | वाढीः असोज पहिलो हप्ता<br>शितलहरः फागुन पहिलो हप्ता<br>आगलागीः असार पहिला हप्ता |
| ६ | सवै कार्यालयमा विपद् व्यवस्थापन सम्पर्क व्यक्ति (**फोकल पर्सन**) **तोक्न** र अध्यावधिक गर्न लगाउने | जि.दै.प्र.उ.स. | DPRP अध्यावधिक हुनु अगावै |
| ७ | पहिरो जान सक्ने गा.वि.स. सँग सम्बन्धित **क्षेत्रगत जानकारी/ तथ्याङ्क सङ्कलन** गर्ने र **सङ्टासन्न** क्षेत्रको **नक्सा** तयार गर्ने | जि.दै.प्र.उ.स. (कलस्टर मार्फत) | DPRP अध्यावधिकका समयमा |
| ८ | सवै कार्यालयमा **आपतकालिन कोष स्थापना** गर्न लगाउन | जि.दै.प्र.उ.स. | योजना तर्जुमा अवधि |
| ९ | विपद् सम्बन्धी **जनचेतना अभिवृद्धि** गर्न पोष्टर पम्प्लेट आदि तयार गरी वितरण गर्ने र स्थानीय एफ.एम. र पत्रपत्रिकाबाट प्रकोप सम्बन्धी जनचेतना अभिवृद्धिका सूचना तथा जानकारी प्रशारण गराउने | जि.दै.प्र.उ.स.<br>ऋभ्ञ्सूचना कार्य समुह मार्फत | आवश्यक्ता अनुसार निरन्तर |

३.४ सूचना व्यवस्थापनः

आपतकालिन पूर्वतयारीका लागि यस जिल्ला दैवी प्रकोप उद्धार समिति अन्तरगत ९ वटा कार्य समुह कलस्टर रहेका छन्। जस अन्तर्गत पहिलो प्राथमिकतामा समन्वय तथा सूचना कार्य समुह अर्थात सूचना कलस्टर रहेको छ । यस कलस्टरले सूचना समन्वयको कार्य गर्ने छ र यसको नेतृत्व जिल्ला प्रशासन कार्यालयका विपद् सम्पर्क व्यक्तिलेगर्नेछ । यस समितिले निकायगत स्रोत साधनको आकंलन, उक्त निकायको पहिचान र आवश्यक

सामाग्रीहरुको भण्डार भए नभएको सूनिश्चित गर्ने छ । साथै तत्कालका विपद्का घटनाको सूचना संकलनमा जिल्ला प्रहरी, नेपाल रेडक्रस सोसाइटीका उपशाखाहरु, जिल्ला अगुवा सहयोगी संस्था र यथार्थ/आधिकारिक सूचना अध्यावधिकका लागी जिल्ला प्रशासन कार्यालय अन्तर्गत रहेको आपत्कालिन कार्य संचालन केन्द्र (DEOC) बाट उपलब्ध सूचनाहरु रहने छन् भने दिगो रुपमा थपकार्यका लागी यीनै सूचनालाई अभिलेखीकरण गरी थप श्रोत, क्षमता, संकटासंन्नताका सूचना विपद् व्यवस्थापन श्रोत केन्दमा राखिने छन् ।आवश्यक सूचना संकलन फारामका नमूना अनुसूचि ३ मा रहेकोछ ।

## ३.५ आवश्यकताको लेखा जोखा र खाडल पहिचानः

जिल्ला पूर्वतयारी तथा प्रतिकार्य योजना पुनरावलोकन कार्यशालाका सहभागीहरु विच समुह निर्माण गरि विगतको अनुभवको आधारमा आवश्यक्ताको लेखाजोखा, कमिकमजोरी अर्थात खाडल पहिचान निम्न अनुसार गरिएको थियो ।

क) आवश्यक्ता लेखाजोखा

- सूचना संकलन र प्रवाह विषयमा आवश्यक अभिमूखिकरण/तालिम
- DPRP प्रयोग वारे वार्षिकरुपमा कृतिम पूर्व अभ्यास (Simulation)
- वार्षिक रुपमा वाढीका कारण वाटो घाटो लगायत भौतिक संरचना क्षेती हुने गरेको विपद्का समयमा तत्काल कार्य संचालन गराउन आवश्यक वजेटको पूर्वानुमान गर्ने ।
- विपद्का समयमा तत्कालीन यातायात सुचारु गर्न जेसीपी/स्काभेटर लगायतका साधनको व्यवस्था हुनु पर्ने
- पुन निमार्ण र पुनस्थापनका लागि क्षेत्रगत जिम्मेवारी वाडफाड
- जिल्लाको भौगोलिक ईलाका वा क्षेत्रगत (Cluster) रुपमा सामाग्री भण्डारण
- जिल्लाको विपद् व्यवस्थापन योजना (DDMP) को निर्माण सो अनुरुप सवै कार्यालयले DRRलाई मुल प्रवाहीकरण ।
- सवै निकाय र समुदाय स्तरमा आपतकालिन कोष स्थापना र परिचालन

ख) खाडल पहिचान

- विपद्को प्रतिकार्य पछि समिक्षा गर्ने कार्य ।
- संस्थागत जिम्मेवारी तथा कार्य अझै Specific गर्दै लैजानु पर्ने ।
- विपद्का समयमा प्रतिकार्यकालागि आवश्यक सामग्री भण्डारणको व्यवस्था
- स्थानीय निकायले आपतकालिन कोष परिचालन गाईडलाईनको व्यवस्था
- सवै कलस्टरको नियमित वैठक वस्ने र प्रगति पेश गर्ने व्यवस्था
- सवै कार्यालयमा विपद् जोखीम न्यूनिकरण सर्म्पक व्यक्ति (DRR Focal Person)को व्यवस्था
- गाविस र नगर स्तरिय विपद् व्यवस्थापन समितिलाई प्रतिकार्य वारे अभिमूखिकरणको व्यवस्था
- समुदाय स्तरिय र वडास्तरिय सामुदायिक विपद् व्यवस्थापन समितिहरुको नक्शांकन

# परिच्छेद ४
# विषय क्षेत्रको परिचय र क्षेत्रगत अवधारणा

### ४.१ विषय क्षेत्रको परिचय (क्षेत्रगत अवधारणा)

जिल्लामा आपत्कालीन कार्ययोजनाको प्रभावकारीताकालागि राष्ट्रिय र जिल्ला स्तरमा विकास भएका क्षेत्रगत समुह (Cluster) हरूलाई आधार मानेर कार्य विभाजन गर्नु उपयुक्त हुने देखिएको छ । यस अवधारणाको कार्यान्वयन गर्न नपा/गाविसका लागि वर्तमान समयमा चुनौती देखिए पनि कार्यविभाजनको स्वरुपलाई स्वीकार गर्दा प्रभावकारिता र जिम्मेवारीबोध हुने भएकोले क्षेत्रगत अवधारणाअनुरुप योजना तर्जुमा गरिएको छ । अतः विपद्का समयमा प्रभावित तथा पीडितहरुलाई मानवीय सहायता उपलब्ध गराउने विशेषज्ञता अनुरुप कार्यविभाजनको स्वरुपलाई क्षेत्रगत समुह (Cluster)भन्नु उपयुक्त हुनेछ । अर्न्तराष्ट्रिय/राष्ट्रिय स्तरबाट समेत मान्यता प्राप्त क्षेत्रगत अवधारणाका विशेषता निम्नअनुसार रहेका छन् :

- विशेषगरी ठूलो विपद्को अवस्थमा सक्रिय रहने भए पनि क्षेत्रगत अवधारणाले समुदायसम्म आफ्नो उपस्थिति कायम राख्छ ।
- विपद् प्रतिकार्य (खोज, उद्धार र राहत) प्रक्रियामा विशेषज्ञताको उपयोग गर्ने भूमिका निर्वाह गर्छ ।
- मानवीय सहयोगलाई प्रभावकारी, जिम्मेवारी र उत्तरदायी बनाउने कार्यलाई सुनिश्चित गर्छ ।

- मानवीय सहयोगका क्षेत्रको पहिचान गरी त्यस अनुरूप सहयोगको खाका तयार गर्छ ।
- प्रतिकार्यमा देखिएका कमीकमजोरीको निराकरण गरी कार्ययोजनाको समिक्षा गर्दै आवश्यकताअनुसार जिम्मेवारी निर्धारण तथा परिमार्जन गर्छ ।

| क.सं | विषयगत क्षेत्र (Cluster) | क्षेत्रगत अगुवा (Cluster Lead) | क्षेत्र सदस्यहरु (Cluster Member) |
|---|---|---|---|
| १ | समन्वय तथा सूचना व्यवस्थापन (Coordination and InformationManagement) | जिल्ला प्रशासन कार्यालय | नेपाल प्रहरी, नेपाल रेडक्रस सोसाईटी, नेपाल पत्रकार महासंघ, एफ.एम. रेडियो, गा.वि.स., जि.वि.स., न.पा., नागरिक समाज, गैसस महासंघ नेपाल |
| २ | खोज उद्धार तथा प्राथमीक उपचार (Search and Rescue) | जिल्ला प्रशासन कार्यालय | नेपाल प्रहरी, नेपाली सेना, सशस्त्र प्रहरी वल, एफ.एम. रेडियो, नेपाल पत्रकार महासंघ, नेपाल रेडक्रस सोसाइटी, समुदाय र वार्ड स्तरिय विपद् व्यवस्थापन समिति र कार्यदलहरु |
| ३ | खाद्य (Food) | जिल्ला कृषि विकास कार्यालय | जि.वि.स., गाविस, न.पा., उद्योग वाणिज्य संघ, नेपाल खाद्य संस्थान, जिल्ला पशु सेवा कार्यालय, नेपाल रेडक्रस सोसाईटी, |
| ४ | आवास तथा गैर खाद्यान्न (Shelter/ Non food item) | नेपाल रेडक्रस सोसाइटी | जिल्ला प्रशासन कार्यालय, जिविस, नेपाली सेना, नेपाल प्रहरी, रेडक्रस, उद्योग वाणिज्य संघ र अन्य सहयोगी गैससहरु |
| ५ | खानेपानी तथा सरसफाई (WASH) | जिल्ला खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | जि.वि.स., नगरपालिका तथा गाविस, नेपाल रेडक्रस सोसाईटी, |
| ६ | स्वास्थ्य र पोषण (Health and Nutrition) | जिल्ला स्वास्थ्य कार्यालय | जिल्ला खानेपानी तथा सरसफाई डि. कार्यालय, |
| ७ | संरक्षण (Protection) | महिला विकास कार्यालय | जिल्ला प्रशासन कार्यालय, जिल्ला बाल कल्याण समिति र अन्य सम्बद्ध निकायहरु |
| ८ | शिक्षा (Education) | जिल्ला शिक्षा कार्यालय | पत्रकार महासंघ, |
| ९ | पूर्नस्थापन तथा पूर्ननिर्माण(Rehabiliation and Reconstruction) | जिल्ला विकास समिति | जिल्ला प्रशासन कार्यालय, सडक डिभिजन कार्यालय, नेपाल विद्युत प्राधिकरण, जल उत्पन्न प्रकोप नियन्त्रण कार्यालय, भू-संरक्षण कार्यालय, नगरपालिका/ गा.वि.स., उद्योग बाणिज्य संघ, नेपाल टेलीकम, सिंचाई डिभिजन र सम्वद्ध गैसस |

## ४.२ विषय क्षेत्रको अगुवा तथा सहयोगी संस्थाको सूचिः

| क. सं. | विषयगत क्षेत्र (Cluster) | क्षेत्रगत अगुवा(Cluster Lead) | सर्म्पक व्यक्ति(DRR Focal Person) | सम्पर्क नम्वर |
|---|---|---|---|---|
| १ | समन्वय तथा सूचना व्यवस्थापन (Coordination and Information Management) | जिल्ला प्रशासन कार्यालय | कृष्णराज गौतम | ९८५७६२३२९९ |
| २ | खोज उद्धार तथा प्राथमीक उपचार (Search and Rescue) | जिल्ला प्रशासन कार्यालय | ध्रुव गिरी | ९८५७६३४४४४ |
| ३ | खाद्य (Food) | जिल्ला कृषि विकास कार्यालय | विप्लब अधिकारी | ९८४६०७१९६२ |
| ४ | आवास तथा गैर खाद्यान्न (Shelter/ Non food | नेपाल रेडक्रस सोसाइटी | जब्बर लामिछाने | ९८५७६२३१६९ |

| | | | | |
|---|---|---|---|---|
| | item_ | | | |
| ५ | खानेपानी तथा सरसफाई (WASH) | जिल्ला खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | जनकराज गौंडेल | ९८४७६२३१६९ |
| ६ | स्वास्थ्य र पोषण (Health and Nutrition) | जिल्ला जनस्वास्थ्य कार्यालय | महेश्वर श्रेष्ठ | ९८५७६२२७८८ |
| ७ | संरक्षण (Protection) | महिला विकास कार्यालय | कमला पौडेल | ९८४७०७९३६५ |
| ८ | शिक्षा (Education) | जिल्ला शिक्षा कार्यालय | विष्णु मिश्रा | ९८५७६२०७९३ |
| ९ | पूर्नस्थापन तथा पूर्ननिर्माण(Rehabiliation and Reconstruction) | जिल्ला विकास समिति | भेषराज शर्मा | ९८५७६२१९७३ |

४.३ जिल्ला स्थित सरोकारवालाको स्रोत एवम् क्षमता विश्लेषण :

विपद्का घटनाबाट हुन सक्ने क्षतिलाई कम गर्न वा सामना गर्न क्षमता अभिवृद्धि गरी जिल्लाभित्र उपलब्ध स्रोत तथा साधनको उचित विश्लेषणको साथै बन्देबस्त गर्नु आवश्यक हुन्छ । त्यसकारण स्थानीय स्रोतको अधिकतम उपयोग गरी विपद् व्यवस्थापनलाई विकास प्रक्रियामा समायोजन गरेर जोखिम कम गर्नु र आपतकालिन समयमा स्रोतसाधनको उचित उपयोग गरि प्रभावित समुदायलाई सुरक्षा तथा राहतको न्यायोचित वितरण गर्नमा राज्यको प्रमुख दायित्व हुन्छ ।

जिल्लामा उपलब्ध स्रोत र क्षमताबाट स-साना विपद्को सामना गर्न र जोखिमलाई न्यूनीकरण गर्न सकिएमा ठुलाखालका घटनाको सामना गर्न मात्र राष्ट्रिय तथा अन्तराष्ट्रिय सहयोगको आवश्यकता पर्दछ । तसर्थ, जोखिम न्यूनीकरण र घटना पूर्व र पश्चात् उपलब्ध गराईने सहयोगका लागि जिल्लाको आन्तरिक क्षमता नै महत्वपूर्ण रहने हुँदा यसको अवस्थाको विश्लेषण गर्नु जरुरी छ । जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको पूनरावलोकन गर्ने क्रममा भएका छलफल, सूचनाको आधारमा जिल्लाको अवस्था निम्नअनुसार रहेकोछ ।

- आकस्मिक तथा विपद् व्यवस्थापन कोषको व्यवस्था जिविस, जिल्ला प्रशासन कार्यालय, नगरपालिका र गाविसहरुमा तर्जुमा गरिएको छ ।उक्त गाईडलाईजिल्ला स्थित विभिन्न सरकारी निकायहरुमा आपतकालिन अवस्थाको लागि पूर्व तयारी रुपमा खाद्य सामाग्रीको संञ्चिती तथा भण्डारण गर्न सकिएको छैन ।
- गैर खाद्य तथा अन्य खोज उद्धारको सामाग्रीहरु सरकारी तथा केही गैर सरकारी संघ संस्थासँग भएको अवस्था देखिन्छ ।
- कलस्टर लिड कार्यालयहरुले आपकालिन योजना (Emergency Plan) छुट्टै वनाउन सकेको देखीदैन र केही गैससहरुले तयार गरेको देखिन्छ ।
- आपतकालिन अवस्थामा कार्यालयमा रहेका सवारी साधन उपलब्ध गराउन सकिने अवस्था छ ।
- खोज उद्धार (Search and Rescue) को लागि जनशक्ति पर्याप्त मात्रामा भएको (नेपाल प्रहरी, नेपाली सेना र सशस्त्र प्रहरी)
- प्राविधिक तथा सहयोगी जनशक्ति सम्पुर्ण कार्यालयबाट र गैससहरुवाट उपलब्ध हुन सक्ने अवस्था छ ।
- आवश्यकता पहिचान, परामर्श र तालिम, निर्माण कार्य, अनुगमन र राहत वितरण कार्यमा समेत धेरैजसो कार्यालयमा अनुभव भएको ।
- जिल्ला दैवी प्रकोप उद्धार समिति अन्तर्गत सूचना व्यवस्थापनकोलागि दक्ष तथा प्रतिबद्ध जनशक्ति र भौतिक सामाग्रीको आवश्यकता देखिएको छ ।
- विपद पूर्वको तथा विपद पश्चातका घटना सम्बन्धी सूचनालाई एकिकृत रुपमा संप्रेक्षण गर्न तथा खोज र उद्धार कार्यमा सहजीकरण गर्न जिल्ला प्रशासन कार्यालय अन्तरगत जिल्ला आपतकालिन कार्यसंचालन केन्द्र (DEOC) को स्थापना र संचालन भएकोछ ।

# परिच्छेद ५
# पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी योजना

५.१ समन्वय तथा सूचना व्यवस्थापन कार्य समुह(Coordination and InformationManagement Cluster)

विपद्का अवस्थामा संकलित सूचनाहरू (क्षती, आवश्यकता, उपलब्ध सहयोग, ग्याप र त्यसको प्रभाव तथा आवश्यक सेवाहरू) भरपर्दो माध्यमबाट सरोकारवालाहरू माझ व्यापक सूचना वितरण गरेर थप सहयोग जुटाउन आवश्यक हुन्छ। विपद्वाट प्रभावीतहरुलाई सहयोग गर्नु सबै सरकारी, गैर सरकारी तथा निजी क्षेत्रको साझा जिम्मेवारी हो। यसका लागि यर्थात तथा विश्वसनीय सूचनाहरु समयमा नै सवै कलस्टर र DDRC लाई उपलब्ध गराउनु पर्ने मूख्य जिम्मेवारी समन्वय तथा सूचना व्यवस्थापन कार्यसमुह (Cluster) को हुन आउदछ र यसले महत्पूर्ण भूमीका खेल्दछ।

**(क) समन्वय तथा सूचना व्यवस्थापन क्षेत्रको सम्पर्क व्यक्ति तथा संस्थाको विवरणः**

| क्र.स. | नाम थर | निकाय/संस्था | सम्पर्क नम्बर |
|---|---|---|---|
| २ | कृष्ण राज गौतम | जिल्ला प्रशासन कार्यालय | ९८५७६२३२९९ |
| ३ | इश्वरलाल शाक्य | जिल्ला विकास समिति | ९८४७६२१९७३ |
| ४ | जब्बर बहादुर लामिछाने | नेपाल रेडक्रस सोसाईटी | ९८५७६२३१६९ |
| ५ | अनिल कुमार खडका | जिल्ला प्रहरी कार्यालय | ९८५७६९०१९१ |
| ५ | विप्लब अधिकारी | जिल्ला कृषि विकास कार्यालय | ९८४६०७१९६२ |
| ६. | महेश्वर श्रेष्ठ | जिल्ला स्वास्थ्य कार्यालय | ९८५७६२२७८८ |
| ७. | जनकराज गौंडेल | खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय | ९८४७६२३१६९ |
| ८. | कमला पौडेल | महिला तथा बालबालिका कार्यालय | ९८४७०७९३६५ |
| ९ | विष्णु प्रसाद मिश्र | जिल्ला शिक्षा कार्यालय | ९८५७६२०७९३ |
| १० | प्रमानन्द | गै.स.स.महासंघ नेपाल | ९८५७६२०५६२ |

➢ **विपद् अवस्था तथा मान्यता योजनाः**

- यातायात (आवतजावत) र पहुचमा कठीनाई
- विपद् वाट प्रभावितहरुको प्रारम्भीक विवरण प्राप्तीमा कठीनाई
- स्रोत साधन पहिचान, परिचालन र व्यवस्थापनको समस्या
- संस्थागत समन्वयको अभाव
- सही तथ्याङ्क संकलनमा कठिनाई
- राहत वितरणमा समस्या (जनशक्ति, ढुवानी र व्यवस्थापन खर्च)

➢ **क्षेत्रगत योजनाको उद्देश्यः**

सूचना संकलन एवं व्यवस्थापनकालागि उचित ढाँचा सहितको ठोस संयन्त्र निर्माण गरि सुचना प्रवाहकालागि वैकल्पिक उपायहरू पहिचान गर्ने तथा सुचनाहरूलाई विश्लेषण गरी सम्बन्धित क्षेत्रहरूमा उपलब्ध गराई प्रभावकारी प्रतिकार्य प्रणाली सुनिश्चित गर्ने।

➢ **योजनाको समष्टिगत उद्देश्य :**

- **समन्वय वैठक** विपद्को समयमा **२४ घण्टा** भित्र र पहिलो हप्तामा १ दिन विराएर र दोश्रो हप्तावाट हप्तामा १ पटक वस्ने।
- विपद्को अवस्था, क्षती तथा प्रभावीत विवरण सहितको प्रारम्भीक सूचना विपद्को **२४ घण्टा** भित्र उपलब्ध गराउने र निरन्तर अध्यवाधिक गर्दै सरोकारवाला निकाय र संचार माध्यमा सम्प्रेण गर्दै जाने।
- जिल्ला र गाविस एवं नपा तहमा सूचना संकलन टिम तयार गरि सूचना संकलन र संप्रेषण गर्ने।
- विपद्को अवस्थामा प्रतिकार्य सहयोग गर्न **४८–७२ घण्टा** भित्र **द्रुत लेखाजोखा** गरि सूचना उपलब्ध गराउने।
- विपद्को स्तर मूल्याकंन गरी **३–५ दिन** भित्र बहुविषयगत प्रारम्भिक द्रूत लेखाजोखा (Multisectoral Initial Rapid Assessment, MIRA)गरी क्षती र पीडितहरूको विवरण तयार गर्न समुह परिचालन गर्ने।
- विपद्वाट विस्थापीतहरुको अवस्था, शिविर व्यवस्थापनको अनुगमन गरि प्रतिवेदन मार्फत जानकारी गराउने
- सूचना प्रवाहको वैकल्पिक उपायहरू पहिचान गरी सूचना प्रवाह सुनिश्चित गर्ने
- प्राप्त सूचनालाई विश्लेषण गरी सम्बन्धित क्षेत्र र आवश्यकतानसुार क्षेत्रीय र केन्द्रीय निकायमा संप्रेषण गर्ने।

## (ख) सुचना तथा समन्वय क्षेत्रको तयारि योजना

| विपद पश्चात को अवधि | विपदको अवस्थामा गरिने आपतकालिन कार्य ( विपद्को प्रकृतिका आधारमा) | आपतकालिन अवस्था संबोधन गर्न गरिने पुर्व तयारि कार्य | पुर्व तयारी कार्य संवोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | अनुमानित लागत प्रत्येक वर्ष |
|---|---|---|---|---|---|
| **पहिलो दिन** | बिभिन्न श्रोतबाट प्राप्त सुचनाको आधिकारिक सुचना प्र.जि.अ. लाई दिने<br><br>DDRCको समन्वय वैठक आयोजना, जानकारी संकलन र परिस्थतिको अध्यावधिक गर्ने<br><br>सवै क्षेत्रगत समुह (Cluster) लाई सक्रिय पार्ने कार्य विभाजन गरि सवै Clusterलाई जिम्मेवारी सुम्पने ।<br><br>रेडियो टेलिभिजन, छोटकरि सुचना सेवा (SMS) का माध्यमबाट तथ्यगत पुर्व चेतावनी, भए गरेका उद्धार प्रयासहरु अर्थात् सार्बजनिक आव्हान बिषयक सुचनाहरु प्रबाह गर्ने ।<br><br>महामारि र अन्य प्रकोपका सम्बन्धमा जानकारि प्रबाह र उद्धार गर्ने । REOC तथा NEOCमा जानकारि गराउने ।<br><br>राष्ट्रिय तथा अर्न्तराष्ट्रिय सरोकारवाला संग संभाब्य सहयोगका लागि समन्वय गर्ने । | स्थानिय तहमा पूर्व सुचना कार्यदलको गठन, र जिल्ला आपतकालिन सञ्चालन केन्द्र संग समयमै सुचना प्राप्ति र प्रबाहका हुने गरी प्रभाबकारि संयन्त्रको स्थापना<br><br>NEOCतथा जिल्लास्तरमा स्थापित DEOCसँग निरन्तर सञ्चार सम्पर्कको व्यवस्था र भरपर्दो सञ्जालको स्थापना, ग्रामीण टेलिफोन सेवा समेतलाई आपतकालीन अवस्थामा प्रयोग गर्न आवश्यक प्रणाली तथा संयन्त्रको विकास गरिनेछ ।<br><br>तथ्यांक तयारि, विपद् सम्बन्धी सूचना प्रणालीको (Diaster Information System)विकास र तथ्यांक प्रणालीमा काम गर्ने सरोकारवालाहरूलाई यसको प्रयोग गर्न अभिप्रेरित गरिएको हुनेछ ।<br><br>नियमित रूपमा विपद्का घटना, प्रभाव तथा क्षतिका सम्बन्धमा तथ्याङ्कगत अभिलेख राख्ने, विश्लेषण गर्ने तथा प्रचार-प्रसार गरिएको हुनेछ ।<br><br>बिपद्का क्षेत्रमा काम गर्ने बिभिन्न निकायको नामावलि र सम्पर्क ब्याक्तिहरुको लिष्ट तयारि गर्नुका साथै उनिहरु संग भएको श्रोत साधनको नक्सांकन गर्ने । सबैलाई आपतकालिन अबश्थाको बेला के कति समयमा कहा बैठक बस्ने बारे जानकारि (विपद्का समयमा तत्कालै, पहिलो १ हप्ता सम्म १ दिन विराएर र दोश्रो हप्तावाट  हप्तामा १ पटक )<br><br>सबै बिषयगत अगुवा कार्यालय तथा सदस्यहरुलाई जिम्वेवारिको जानकारि गराउने र बिषयगत बिपद् प्रतिकार्य तथा आकस्मिक योजना तयारि अबस्थामा राख्न लगाउने । आकस्मिक योजना कार्यान्वयनमा अन्य बिषयगत कार्यालयको पनि सहयोग लिने ।<br><br>सूचनाको प्रचार-प्रसार, सञ्चार माध्यम तथा सञ्चार प्रविधिहरूको विवेकपूर्ण प्रयोग गर्ने प्रणाली विकसित गर्ने र त्यसको लागि क्षमता सदृढीकरण गरिएको हुनेछ । | जिल्ला तहका MTबाट स्थानिय प्रभावित गा.वि.स.तह सम्म का स्वयं सेबकलाई मात्र भए पनि तालिम हुनु पर्ने सो नभएको ।<br><br>नियमित बैठ गर्ने तथा अझै केही स्थानको सम्पर्क नं. हरु समाबेस हुन नसकेको ।<br><br>DEOC,लाई भरपर्दो सुचनाहरु उपलब्ध गराउने र जिम्वेवार बनाउन जिल्ला तहमा DRM नीति को अभाब ।<br><br>DEOCमा कम्प्युटर शिप सहितको स्थायी कर्मचारिको अभाब ।<br><br>सबै कलस्टरलाई तालिम दिनुपर्ने । बिपद्मा पत्रकारहरुको भुमिका सुचना संप्रेषण र समन्वयका सम्बन्धमा पत्रकारहरुलाई, DEOC, का फिल्ड कर्मचारिलाइ  तालिम दिनु पर्ने ।<br><br>निश्चित फारामहरु नभएको, | जिल्ला आपतकालिन केन्द्रको समन्वयमा सबै सम्बन्धित निकायहरु<br><br>म्म्च्क्ष को सूचना तथा समन्वय ऋगिकतभच को समन्वयमा सबै निकाय<br><br>प्र.जि.अ., म्म्च्क्ष को सूचना तथा समन्वय ऋगिकतभच को समन्वयमा सबै निकाय | रु.. १ लाख<br><br>रु..५,००० <br><br>रु। २५,००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | DEOCलाई बिपद् प्रतिकार्यका लागि मुख्य समन्वय केन्द्रको रुपमा परिचालन गर्ने । | विपद् जोखिम व्यवस्थापन तथा समुदायको पूर्व-तयारीको प्रवर्द्धन गर्ने कार्यमा सञ्चार माध्यमको भूमिकालाई प्रणालीगत रूपमा स्थापित गरी आमसञ्चार माध्यमहरूलाई अभिमुखीकरण गरिएको हुनेछ ।<br><br>बिपद् पुर्व सम्भाबित बिपद्को क्षतिको अनुममान गरि त्यसका लागि आबश्यक पर्ने स्रोत साधन भएका निकायहरुको पहिचान गरि जिल्ला दैबि प्रकोप उद्धार समितिलाई जानकारि गरिने छ । | समन्वयको अभाब<br><br>सरोकारवालाहरुको सुचना तथा गरेका कार्यहरु को सूचना भरपर्दो रुपमा आउन नसकेको | | |
